ehetaudasandesh.com

हेटौंडा

राष्ट्रिय दैनिक

सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: ३२३ ॥ बिहीबार ३१ बैशाख २०८३ ॥ द्वादशी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Thursday 14 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

एम्बुलेन्सबाट ४४० किलो गाँजा

सन्देश संवाददाता

धरान/सुनसरीको धरानमा रोकिराखेको एक एम्बुलेन्सबाट प्रहरीले ठूलो परिमाणमा गाँजा बरामद गरेको छ । इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान उपमहानगरपालिका-१३ स्थित सडकछेउमा रोकिराखेको अवस्थामा गाँजा फेला पारेको हो ।

प्रहरीका अनुसार धरान उपमहानगरपालिका-१३ स्थित थाउजेन्डुस बिग बुद्ध सडकखण्डमा ४ सय ४० किलो गाँजा फेला परेको हो । धरान बुढासुब्बा डाइग्नोष्टिक सेन्टर प्रालि धरान-१८ द्वारा सञ्चालित को. १ च ७३५९ नम्बर एम्बुलेन्स प्रहरीले नियन्त्रणमा लिएको छ । नियमित चेकजाँचका क्रममा सडकछेउमा शंकास्पद्रुपमा रोकिराखेको एम्बुलेन्स खानतलासी गर्दा भित्र लुकाएर राखिएको अवस्थामा गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय सुनसरीको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

प्रहरीले लागुऔषधसहित एम्बुलेन्सलाई नियन्त्रणमा लिएको छ र घटनाका सम्बन्धमा थप अनुसन्धानका लागि प्रहरी कार्यालय धरानमा राखिएको छ ।

पारदर्शी बजेटः उपमहानगरद्वारा सुझाव संकलन

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट, नीति तथा कार्यक्रमलाई थप पारदर्शी, प्रभावकारी तथा सहभागितामूलक बनाउन सुझाव संकलन गर्न क्युआर कोड सार्वजनिक गरेको छ ।

उपमहानगरपालिकाले नागरिक, बुद्धिजीवी, व्यवसायी, युवा, महिला, किसान, शिक्षक तथा विभिन्न सरोकारवालाबाट विकासनिर्माण, पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगार, वातावरण संरक्षण, खानेपानी, सडक तथा सामाजिक विकासलगायत विषयमा सुझाव संकलन गर्न क्युआर कोड सञ्चालन गरेको हो । स्थानीय सरकारका नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने उद्देश्यले क्युआर कोडमार्फत सुझाव संकलनको व्यवस्था गरिएको हो । कार्यालयले सार्वजनिक गरेको क्युआर स्क्यान गरेर नागरिकहरुले आफ्नो अमूल्य सुझाव सहजरुपमा पठाउन सक्ने उपमहानगरपालिकाले जनाएको छ ।

यसो गर्दा नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा पारदर्शिता देखिने हेटौंडा उपमहानगर पालिका मेयर मीनाकुमारी लामाले बताएकी छन् । उनका अनुसार जनताको आवश्यकता, अपेक्षा र सुझावका आधारमा योजना तथा कार्यक्रम निर्माण गर्दा विकासलाई अझ प्रभावकारी, जनमुखी र परिणाम मुखी बनाउन सहयोग पुग्नेछ । मेयर लामाले स्थानीय तहको विकासमा नागरिकको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै सबै क्षेत्र र समुदायको सहभागितामाबाट समृद्ध हेटौंडा निर्माण गर्न सकिने बताइन् । उनले नगरबासीले दिएका सुझावलाई प्राथमिकतासाथ अध्ययन गरी आगामी बजेट तथा कार्यक्रममा समावेश गरिने जानकारी दिइन् ।

उपमहानगरपालिकाले 'समृद्ध हेटौंडा, समावेशी विकास' को लक्ष्यलाई आत्मसात् गर्दै दीर्घकालीन विकास, सुशासन प्रवर्द्धन तथा सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले सुझाव संकलन अभियान सञ्चालन गरिएको जनाएको छ ।

स्थानीय सरकारप्रति नागरिकको अपनत्व बढाउने, योजना निर्माण प्रक्रियालाई खुला र उत्तरदायी बनाउने तथा वास्तविक आवश्यकतालाई कार्यक्रम तर्जुमा गर्न यस्तो अभियान प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

उपमहानगरपालिकाले सबै नगरबासीलाई सक्रिय सहभागिता जनाइ आफ्ना रचनात्मक सुझाव दिन आग्रह गरेको छ ।

मेयरको "दबंग" शैली

सन्देश संवाददाता

धनगढी/कैलालीको लम्कीचुहा नगरपालिकाकी मेयर सुशीला शाहीले लम्कीचुहा प्रादेशिक अस्पताल सञ्चालनका लागि खटाइएका प्रदेश सरकारका कर्मचारीलाई नगर प्रहरी लगाएर कार्यालयबाट बाहिर निकालेकी छन् । प्रदेश सरकारले खटाएका कर्मचारी सोमबार हाजिर हुन अस्पताल पुगेका बेला नगर प्रमुख शाहीले कार्यालय प्रवेशमा अवरोध गरेको कर्मचारीहरुको आरोप छ । कर्मचारीहरुका अनुसार नगर प्रहरीले लेखा अधिकृत गणेश बिष्ट र नायब सुब्बा लक्ष्मी श्रेष्ठलाई कार्यालयपरिसरबाट बाहिर निकालेको थियो ।

लम्कीचुहा अस्पतालका लागि प्रदेश सरकारले आठौं तहका मेडिकल अफिसर डा.कमलेशप्रसाद यादव, छैठौं तहका लेखा अधिकृत गणेश बिष्ट र नासु लक्ष्मी श्रेष्ठलाई खटाएको थियो । १५ बैशाखमा सामाजिक विकास मन्त्रालयको सचिवस्तरीय निर्णयबाट डा. यादव तथा आर्थिक मामिला मन्त्रालयबाट बिष्टलाई त्यहाँ सरुवा गरिएको थियो । कर्मचारीहरूले मेयर शाहीले 'यो अस्पतालमा प्रदेश सरकारको कुनै अधिकार छैन' भन्दै अपमानजनक व्यवहार गरेको बताएका छन् ।

प्रदेश सरकारले १५ बेडको लम्कीचुहा अस्पताललाई प्रादेशिक अस्पतालका रुपमा विकास गर्ने नीतिअनुसार बजेट विनियोजन गरेको छ । तर, सम्नवयविना प्रादेशिक अस्पताल घोषणा गरिएको भन्दै मेयर शाही त्यसको विरोधमा उत्रिएकी छन् । यसअघि १४ बैशाखमा सर्वोच्च अदालतले अस्पताल विवादसम्बन्धि मुद्दामा प्रदेश सरकारका नाममा अन्तरिम आदेश दिन अस्वीकार गरेको थियो । लम्कीचुहा नगरपालिकाले चैत २४ गते रिट दायर गर्दै अन्तरिम आदेश माग गरेको थियो ।

सर्वोच्चको उक्त निर्णयपछि प्रादेशिक अस्पताल सञ्चालनको बाटो खुलेको प्रदेश सरकारको दाबी छ । चालु आर्थिक वर्षमा अस्पताल सञ्चालनका लागि प्रदेश सरकारले साढे चार करोड विनियोजन गरिसकेको छ भने १ सय ४६ जनाको दरबन्दीसमेत स्वीकृत भइसकेको सामाजिक विकास मन्त्रालयले जनाएको छ । यसअघि अस्पतालको ब्यानर अनावरण कार्यक्रमकै दिन मेयर शाहीले अस्पतालको मुलगेटमा दमकल, एम्बुलेन्सलगायत सवारीसाधन तेर्स्याएर कार्यक्रम अवरुद्ध गरेकी थिइन् । मेयर शाहीको यस्तै 'दबंग' शैलीले कहिले चर्चा त कहिले आलोचनामा रहन्छिन् ।

२५ वर्षपछि एसईई पास भए वडा अध्यक्ष

सन्देश संवाददाता

हेटौंडा/काभ्रेको खानीखोला गाउँपालिका-५ का वडा अध्यक्ष बुद्धिबहादुर स्यांतान ४४ वर्ष उमेर मा माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण भएका छन् । उनले सोही वडाको जनविकास माध्यमिक विद्यालयबाट परीक्षा दिएका थिए । २०५७ सालमा कक्षा-९ पढ्दापढ्दै जनमुक्ति सेनामा होमिएका उनले गत वर्ष कक्षा-९ मा भर्ना गरेका थिए ।

पढाइ छोडेको २५ वर्षपछि उनले सोही विद्यालयबाट एसईई उत्तीर्ण गरेका हुन् । वडाको काम भ्याएर महिनाको ९/१० दिन विद्यालय पुगेर पढ्ने गरेको उनी बताउँछन् । 'पढ्ने रहर धेरै थियो । सानो बेलामा यत्तिकै पढाइ छाडें,' उनले भने-पछि पनि पढ्ने मौका कुरिरहेको थिएँ । राजनीतिमा लागेपछि समाजसेवामै अलमल हुने रहेछ । जसरी पनि समय निकालेर पढ्छु भन्ने कक्षा-९ बाट सुरु गरें । दुई वर्षको मेहनतले एसईईमा सफल हुन पाएँ ।

पढ्नका लागि रहर भए उमेर बाधक नहुने उनी बताउँछन् । एसईईमा २.५५ जीपीएसहित उत्तीर्ण भएका वडा अध्यक्ष स्यांतानले सोही विद्यालयमा कक्षा-११ मा भर्ना गर्ने निर्णय गरेका छन् । कक्षा-१२ सम्मको अध्ययन सकाउन रहर लागेको उनी बताउँछन् । आफ्नी जेठी छारी विनिसाले गत वर्ष एसईई पास गरिसकेको बताउँदै उनले भने-जेठी छोरी ११ मा पढ्छिन् । कान्छी १० मा पुगिन् । छोरा ५ मा पढ्दैछ । म जेठी छोरीभन्दा एक ब्याच पछि परें । जनप्रतिनिधि भएपछि अझ आफूले शिक्षाको महत्व बुझेको उनी बताउँछन् । आफ्नो पढाइका कारण वडाको काममा बाधा नपुऱ्याउने उनको भनाइ छ । 'विद्यालयका लागि त फुर्स्केको समय मिलाएर पढे । ११ त बिहानी कक्षा हुन्छ, दिउँसो वडा जान्छु ।

निजामती कर्मचारीले राजनीति गरे जागिर चेट्

सन्देश संवाददाता

काठमाडौं/सरकारले निजामती कर्मचारीलाई राजनीतिमा संलग्न भए सेवाबाट हटाउने सक्ने चेतावनी दिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सूचना जारी गर्दै निजामती कर्मचारीलाई अनुशासन र आचरणसम्बन्धि व्यवस्था पुर्णरुपमा पालना गर्न निर्देशन दिएको हो ।

सूचनामा नेपालको संविधान र निजामती सेवा ऐनअनुसार निजामती सेवा राजनीतिकरुपमा तटस्थ, निष्पक्ष र उत्तरदायी हुनुपर्ने उल्लेख गरिएको छ । मन्त्रालयले निजामती सेवा ऐन, २०४९ को दफा ६१ उपदफा (१) को खण्ड (ङ) अनुसार निजामती कर्मचारीले राजनीतिमा भाग लिएमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिने व्यवस्था रहेको सम्झाउँदै मन्त्रालयले कर्मचारीहरु राजनीतिक दल, भ्रातृ संगठनमा आबद्ध हुन नपाइने जनाएको छ । सूचनामा राजनीतिक गतिविधिमा संलग्न हुने, संगठनको सदस्यता लिने वा निर्वाचनमा उम्मेद्वार बन्ने कर्मचारीलाई सेवाबाट हटाउन सकिने व्यवस्था रहेको मन्त्रालयले उल्लेख गरेको छ ।

निजामती कर्मचारी कुनै राजनीतिक दल, दलको भ्रातृ संगठन, दलको जनवर्गीय संगठन वा दलसँग आबद्ध भइ संगठनको सदस्यता लिएको वा राजनीतिक क्रियाकलापमा संलग्न भए वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेद्वार बने कानुनबमोजिम कारबाही हुनेसमेत मन्त्रालयले जनाएको छ ।

विद्यालयको कार्यतालिका बन्यो

घटाइयो बिदा, प्रार्थना र खाजा समय निर्धारण

सन्देश संवाददाता

काठमाडौं/सातामा दुई दिन सार्वजनिक बिदा दिइने निर्णयपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ कार्यतालिका जारी गरेको छ ।

मन्त्रालयअन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले मिति बुधवार परिपत्र जारी गर्दै शैक्षिक संस्थाहरूलाई पठनपाठनमा स्वीकृत पाठ्यक्रमले तोकेअनुसार कार्यघण्टा लाई मिलाएर कार्यान्वयन गर्न निर्देशन दिएको हो ।

मन्त्रिपरिषद्ले २०८२ चैत्र २२ गते गरेको निर्णयबमोजिम शैक्षिक सत्र २०८३ मा विद्यालयहरूमा सातामा दुई दिन बिदा दिने निर्णय गरेको थियो । यसै निर्णयको कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ कार्यतालिका बनाउन शैक्षिक संस्थाहरूलाई आग्रह गरेको हो । यो परिपत्र शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह र सबै विद्यालयहरूलाई पठाइएको छ ।

परिपत्रअनुसार अब पठनपाठन लाई प्रभावकारी बनाउन निम्नअनुसार का व्यवस्थापन गर्नु पर्नेछ ।

- प्रत्येक दिन १५ मिनेट प्रार्थना समय र ३० मिनेट खाजा समयको व्यवस्थापन गर्नु पर्नेछ ।
- सोमबारदेखि शुक्रबारसम्म पूरा समय पठनपाठनसंग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।
- हिउँदे र वर्षे बिदाको अवधि साविकको ४५ दिनबाट घटाएर ३० दिन कायम गरिएको छ ।
- पहिलो र दोस्रो त्रैमासिकमा गरिने आन्तरिक मूल्याङ्कनलाई पठनपाठन भएकै दिन वा पठनपाठनमा असर नपर्ने दिनमा गर्ने गरी व्यवस्थापन गर्न सकिनेछ ।
- अन्तिम परीक्षा तथा नतिजा प्रकाशनका लागि शैक्षिक सत्रको अन्तिमका १२ दिनलाई उपयोग गर्न गर्नुपर्नेछ ।
- स्वीकृत पाठ्यक्रम एवम् निर्धारण गरिएका सिकाई उपलब्धिका आधारमा सिकाइ व्यवस्थापन गर्न साप्ताहिकरूपमा शुक्रबार समुदाय एवम् परिवारका क्रियाकलाप, सन्दर्भ सामग्री तथा सूचना प्रविधिको उपयोगसंग सम्बन्धित बहुविषयमा आधारित परियोजना तथा प्रयोगात्मक कार्य दिन र आवश्यकता अनुसार प्रस्तुति गर्ने अवसर प्रदान गरिनेछ ।

परियोजना तथा प्रयोगात्मक कार्यका लागि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा रहेको 'परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन सहजीकरण पुस्तिका, २०८२' बाटसमेत सहयोग लिन सकिने केन्द्रले जनाएको छ ।

यसका लागि स्थानीय तह, विद्यालय र शिक्षकले स्वीकृत पाठ्यक्रमको विषयक्षेत्र समेटी परियोजना कार्य निर्माण गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिएको केन्द्र-द्वार जारी परिपत्रमा उल्लेख गरिएको छ ।

३२ करोडको थोक बजार कहिले ?

हेटौंडा/किसानका कृषि उपज सहजरुपमा बिक्रीवितरण गर्न तथा सुरक्षित भण्डारणको सुविधा उपलब्ध गराउने उद्देश्यले निर्माण गरिएको प्रादेशिक कृषि थोकबजार अलपत्र परेको छ । बागमती प्रदेश सरकार र हेटौंडा उपमहानगर पालिकाको साझेदारीमा हेटौंडा-११, थानाभञ्ज्याङमा निर्माण गरिएको कृषि थोकबजार निर्माण सम्पन्न भएको लामो समय बितिसक्दा पनि प्रयोगविहीन बनेको हो ।

कुल ३२ करोड १० लाख रुपियाँ लागतमा निर्माण भएको थोकबजार प्रदेश सरकारको ७० प्रतिशत् र उपमहानगरपालिकाको ३० प्रतिशत् साझेदारीमा निर्माण गरिएको हो । कृषि थोकबजारपरिसर-रभित्र पक्की सडक निर्माणका लागि कृषि विकास निर्देशनालयबाट थप ७७ लाख बजेट विनियोजन गरिएको थियो ।

दुई बिघा चार धुर क्षेत्रफलमा फैलिएको बजारमा थोक बिक्रीका लागि इईतले भवनमा ४० वटा सटर, चार वटा कार्गो लिफ्ट र दुई वटा यात्रु लिफ्ट निर्माण गरिएको छ । खुद्रा बिक्रीका लागि छुट्टै भवनमा २३ वटा सटर तथा दुई वटा यात्रु लिफ्टको व्यवस्था गरिएको छ । साना किसानले आफ्ना उत्पादन आफै बिक्री गर्न सक्ने गरी ठहरासमेत निर्माण गरिएको छ ।

कृषि थोकबजारपरिसरमा २ सय ३२ वर्गमिटर क्षेत्रफलमा फैलिएको कोल्ड स्टोरेज निर्माण गरिएको छ, जहाँ पाँच सय मेट्रिकटन कृषि उपज सुरक्षितरुपमा भण्डारण गर्न सकिने क्षमता छ । तर, सञ्चालन कार्यविधि नबन्दा संरचना प्रयोगमा आउन सकेको ठैन । स्थानीय किसानले बजार सञ्चाललमा ढिलाइ हुँदा आफ्नहरु अझै बिचौलियामार्फत् कृषि उपज बिक्री गर्न बाध्य भएको बताएका छन् । कृषि उत्पादन भण्डारण गर्ने सुविधा नहुँदा मौसमी उत्पादन कम मूल्यमा बिक्री गर्नुपर्ने अवस्था रहेको किसानको गुनासो छ । बागमती प्रदेश सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले सञ्चालन कार्यविधि अन्तिम चरणमा पुगेको जनाएको छ । कृषि तथा पशुपक्षी विकासमन्त्री मधुसूदन पौडेलले आगामी महिनाभित्र कृषि थोकबजार सञ्चालन कार्यविधि बनाइसक्ने जानकारी दिए ।

हेटौंडा उपमहानगर प्रवक्ता सबिन न्यौपानेले सञ्चालन कार्यविधि नबनेकै कारण कृषि थोकबजार सञ्चालनमा आउन नसकेको बताए । मन्त्रालयले मागेको सुझाव उपमहानगरपालिकाले उपलब्ध गराइसकेको उल्लेख गर्दै उनले सञ्चालन कार्यविधि प्राप्त भएलगत्तै सञ्चालनका लागि आफ्नहरु तयार रहेको जानकारी दिए । किसानका लागि निर्माण गरिएको भवनमा यसअघि प्रदेश सरकारको सहकारी तथा गरिबी निवारण मन्त्रालय राखिएको थियो । पछि जेनजी प्रदर्शनका क्रममा भवनमा क्षति पुगेपछि मन्त्रालय त्यहाँबाट सारिएको थियो । निर्वाचनका बेला मुख्य निर्वाचन अधिकृतको कार्यालयसमेत सञ्चालन गरिएको उक्त भवनमा हाल नगर प्रहरी बसेको छ । प्रदेश सरकारअन्तर्गत कृषिक्षेत्रका ठूला आयोजना निर्माण सम्पन्न भए पनि सञ्चालन कार्यविधि अभावमा प्रयोग विहीन हुने क्रम बढ्दै गएको छ ।

थोक बजार निर्माणका लागि हेटौंडा उपमहानगरले तत्कालीन समयमा थानाभञ्ज्याङस्थित राप्ती पुलनजिक जग्गामा रहेका ५८ वटा घरटहरा हटाएको थियो । कृषि थोकबजार निर्माण भएको एक वर्षपछि गत साउनमा उपमहानगर

पाँचदिने निःशुल्क योग शिविर हुँदै

सन्देश संवाददाता

हेटौंडा/महिला पतञ्जलि योग समिति मकवानपुरको आयोजनामा हेटौंडामा पाँचदिने निःशुल्क बृहत् योग विज्ञान शिविर सञ्चालन हुने भएको छ । "गरौं योग, रहौं निरोग" भन्ने मूल नारा सहित आगामी जेठ ३ गतेदेखि ७ गतेसम्म हेटौंडा-४ स्थित लोकतान्त्रिक चौर (हुपचौर) मा शिविर आयोजना गर्न लागिएको हो ।

शिविर प्रत्येक दिन बिहान ४:३० बजेदेखि ६:३० बजेसम्म सञ्चालन हुनेछ । कार्यक्रम महिला पतञ्जलि योग समिति मकवानपुर र हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ को संयुक्त आयोजनामा हुन लागेको जनाइएको छ ।

समितिका अनुसार २०६४ सालदेखि मकवानपुरका विभिन्न स्थानीय तहमा निःशुल्क योग शिविर सञ्चालन गर्दै आएको पतञ्जलि योग समिति अहिले पनि "घरघरमा योग, जनजनमा योग" अभियानमार्फत नागरिकलाई स्वस्थ जीवनशैलीतर्फ प्रेरित गरिरहेको छ । योग, ध्यान, प्राणायाम तथा प्राकृतिक जीवन शैलीमार्फत नसर्ने रोग न्यूनीकरण, सकारात्मक सोच विकास र स्वस्थ समाज निर्माणमा संस्था सक्रिय रहेको जनाएको छ ।

शिविरमा महिला पतञ्जलि योग समिति नेपालकी अध्यक्ष पुज्य साध्वी देवादिति मुख्य प्रशिक्षकको रूपमा रहने कार्यक्रम संयोजक राजन थापाले जानकारी दिए । उनका अनुसार साध्वी देवादितिले पतञ्जलि योगपीठ हरिद्वारबाट सन्यास ग्रहण गरी योग, आयुर्वेद, प्राकृतिक चिकित्सा तथा संस्कृतिको क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याउदै आएकी छिन् ।

समितिले पछिल्लो समय नसर्ने रोग, मानसिक तनाव र अस्वस्थ जीवन शैलीका समस्या बढ्दै गएको भन्दै योगलाई स्वस्थ जीवनको प्रभावकारी माध्यमका रूपमा प्रस्तुत गरेको छ । योगले शारीरिक स्वास्थ्य मात्र नभई मानसिक शान्ति, सकारात्मक चिन्तन र अनुशासित जीवन शैलीमा सहयोग पुग्ने विश्वास लिएको छ ।

कार्यक्रमलाई सफल बनाउन उपमहानगरपालिका वडा नम्बर-४ ले सहकार्य गरेको छ भने थर्डआइ एजुकेशन सेन्टरले सहप्रायोजन गरेको छ । शिविरमा योग अनुरागी, शिक्षक, विद्यार्थी स्वास्थ्यकर्मी व्यवसायी, सञ्चारकर्मी तथा नगरबासीलाई सहभागिताका लागि आग्रह गरिएको छ । कार्यक्रमका नगर अध्यक्ष रघु आचार्य, जयराम पुलामी, जिल्ला अध्यक्ष रामकृष्ण थापा तथा महिला अध्यक्ष शशिकला थापाको सहभागिता रहेको थियो ।

ज्येष्ठ नागरिक मञ्च हेटौंडा- ६ को वडा भेला

सन्देश संवाददाता

हेटौंडा/ज्येष्ठ नागरिक मञ्च वडा समन्वय समिति हेटौंडा- ६ को साधारणसभा तथा प्रथम अधिवेशन सम्पन्न भएको छ ।

साधारणसभाको बन्दसत्रले टेकनाथ पहाडीको अध्यक्षतामा ७ सदस्यीय कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा मायादेवी सार्की, सचिवमा शान्ति कुँवर र कोषाध्यमा रामकृष्ण राई चयन भएका छन् । यसैगरी सदस्यहरुमा पार्वती मिश्र, घनप्रसाद सापकोटा र पूर्णबहादुर राई चयन भएका हुन् ।

सभा हेटौंडा-६ का कावा वडाअध्यक्ष विजय पौडेलको प्रमुख आतिथ्यता एवम मञ्चका अध्यक्ष बासुदेव सापकोटाको अध्यक्षतामा भएको थियो । सभामा हेटौंडा उपमहानगरपालिका सामाजिक समावेशीकरण शाखा प्रमुख मन्दिरा थापा, ज्येष्ठ नागरिक जिल्ला संघ अध्यक्ष हरिप्रसाद सिग्देल, ज्येष्ठ नागरिक मञ्च नगर अध्यक्ष रामचन्द्र ढकाल, टोल विकास संस्था वडा समन्वय समिति हेटौंडा-६ का अध्यक्ष बासुदेव खतिवडा, सचिव राजकुमार फुंयाल, ज्येष्ठ नागरिक मञ्च वडा समन्वय समिति हेटौंडा-६ कि सचिव जीवकुमारी पौडेल लगायतको आतिथ्यता रहेको थियो ।

उपमहानगर वडा नं ६ मा ८ सयभन्दा बढी ज्येष्ठ नागरिकहरु रहेको वडा कार्यालयको रेडकर्मा उल्लेख छ ।

मकवानपुरकी सापकोटालाई इण्टर सेक्सनल अवार्ड

सन्देश संवाददाता

हेटौंडा/गैरसरकारी महासंघ नेपालले गैरसरकारी संस्था महासंघ मकवानपुर जिल्ला अध्यक्ष रमिला सापकोटालाई इण्टरसेक्सनल अवार्ड प्रदान गर्दै सम्मान गरेको छ । बुधबार आयोजित महासंघको ३१ औं वार्षिक साधारणसभाको अवसरमा आयोजित राष्ट्रिय नागरिक सम्मेलन २०८३ मा सापकोटालाई उक्त सम्मान प्रदान गरिएको हो ।

महासंघले इण्टरसेक्सनालिटीको दृष्टिकोणबाट जिल्ला शाखाको अध्यक्षको भूमिकामा रहेर नागरिक समाजको नेतृत्व प्रवर्द्धन गरि रहेका महिला अध्यक्षमध्ये महिला नेतृत्व विकास, समावेशीता, सामाजिक न्याय तथा नागरिक अधिकार संरक्षण र प्रवर्द्धनमा पुऱ्याएको उल्लेखनीय योगदानको उच्च कदर गर्दै सापकोटालाई सम्मान गरेको संस्थाले जानकारी दिएको छ ।

महासंघका नवनिर्वाचित टोलीसंग छलफल

सन्देश संवाददाता

हेटौंडा/मकवानपुर उद्योग वाणिज्य संघले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका नवनिर्वाचित टोलीसँग बुधबार छलफल गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको भर्खरै सम्पन्न तथा अधिवेशनबाट बेदबहादुर श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको हो ।

नेपाल उद्योग वाणिज्य महासंघ काठमाडौंको भर्खरै सम्पन्न ६० औं वार्षिक साधारणसभा तथा महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय सदस्य कृष्ण कटुवालको कार्यक्रमसमा उपस्थिति थियो । नेउवा महासंघ केन्द्रीय सदस्य कटुवालले २०८३ सालको मंसिर/पुसतिर मउवा संघले महोत्सव गर्न गइरहेको, प्रदेश सरकार-को बजेट प्रभावकारीरुपमा लगानी हुन उवा संघहरुले प्रस्ताव गर्नुपर्ने, नेउवा महासंघको केन्द्रमा केही गरौं भन्ने सोचको नयाँ नेतृत्व रहेको, जिल्ला/नगर उवा संघका प्रतिनिधि-हरुसँग दैनिक भेटघाट गरी समस्या समाधान गर्न नेउवा महासंघमा कार्यतालिका बनाइने बताए ।

मउवा संघ अध्यक्ष प्रमोदसिंह रानाभाटको सभाध्यक्षतामा भएको छलफलमा उनले २५ गज सडक विस्तारको कारण भवनको अग्रभागको संरचना भत्किएकोले बाँकी संरचनामा कार्यालय व्यवस्थापन गरेको, राज्यको करचुक्ता गरेका उद्योगी/व्यवसायी हरुलाई मात्र मउवा संघको सदस्यता नवीकरण नियमित गरेको, नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशबाट साथ सहयोग प्राप्त हुने विश्वास व्यक्त, महासंघमा जिल्ला नगरको समस्या तत्काल सम्बोधन गर्न हेल्पडेस्क स्थापना आवश्यक रहेको, सबैले मेला गर्ने प्रवृत्ति बढ्दैकाले विकृति आउन सक्ने भएकाले जिल्ला/नगर उद्योग वाणिज्य संघहरुले मात्र मेला/महोत्सव गर्न पाउने व्यवस्था गर्नुपर्ने, प्रदेश राजधानी हेटौंडामा हालसम्म नापतौल कार्यालय नभएकाले नापतौल कार्यालय स्थापना गर्नुपर्ने बताउँदै महासंघको नयाँ टिमको कार्यकालको पूर्णसफलताको कामना गरे ।

कार्यक्रममा संघ पूर्वअध्यक्ष अरुणराज सुमार्गीले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले प्रस्ताव ड्युप्लिकेसन नहुने गरी बागमती प्रदेश सरकारसमक्ष प्रस्ताव पेश गर्नुपर्ने, नेउवा महासंघ बागमती प्रदेशको इतिहासको भूमिका नमेटिने गरी समेटनुपर्ने जस्ता विचार व्यक्त गरेका थिए ।

सुमार्गीले महासंघको हरेक कार्यमा संघले सघाउने अपेक्षा रहेको र संघले आयोजना गर्ने हरेक मेलामा सहकार्य रहने, नापतौल कार्यालय हेटौंडामा रहन पहल गर्ने भनाइहरु राखेका थिए ।

उखान: *शिरमा टोपी छैन, खुट्टामा खोल ।*

॥ ॥ बेलाको बोली ॥ ॥

स्वास्थ्य सबैभन्दा ठूलो उपहार हो ।

- गौतम बुद्ध

सम्पादकीय

नतिजा प्रकाशनमा नयाँ छनक

नेपालको शैक्षिक इतिहासमा नतिजा प्रकाशनको सवालमा यसले नयाँ मानक कायम गरेको छ । सरकारले सही योजना, प्रभावकारी व्यवस्थापन र दृढ इच्छाशक्तिका साथ काम गर्दा ३ महिनामा हुने काम एक महिनाभित्रै सम्पन्न गर्न सकिँदोरहेछ भन्ने तथ्य यसले आम जनतालाई बुझ्ने भाषामा स्थापित गरेको छ । अब कक्षा १२ तथा विश्व विद्यालयस्तरका परीक्षाको नतिजासमेत यसैगरी समयमै सार्वजनिक गर्न सकियो भने शैक्षिक सुधारले नयाँ गति लिन सक्नेछ । यसपटक परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरिएकाले एक महिनाभित्र नतिजा सार्वजनिक गर्न सम्भव भएको हो । यसअघि विभिन्न जिल्लामा उत्तरपुस्तिका केन्द्रमा संकलन गरी पुन:अन्य जिल्लामा पठाउने प्रचलन थियो ।

परीक्षण त यिनै शिक्षकहरुले गर्थे तर जिल्लान्तर परीक्षणका कारण उत्तरपुस्तिका एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनमै लामो समय खर्च हुने गर्थ्यो । त्यसो त राष्ट्रिय परीक्षा बोर्डले पनि तीन महिनामै नतिजा सार्वजनिक गर्ने पुरानो प्रचलनलाई निरन्तरता दिँदै परीक्षणपछि बाँकी प्रशासनिक कामना समेत ढिलासुस्ती गर्ने गरेको थियो । यस पटक परीक्षा केन्द्रमै परीक्षण गर्दा नतिजाको गुणस्तरमा समस्या आउने हो कि भन्ने आशंका गरिएको थियो । तर, नतिजामा खासै अन्तर नदेखिएकले त्यो आशंकाको पनि अन्त्य भएको छ । बरु यस्ता निम्नेवारी समुदायस्तरमै व्यवस्थापन गर्दा प्रभावकारी नतिजा दिन सकिने तथ्य स्थापित भएको छ । एसईईको नतिजा सार्वजनिक भइसकेपछि अब केही महत्वपूर्ण विषयमा गम्भीर बहस आवश्यक छ ।

यसपटक समग्र नतिजामा सुधार देखिए पनि प्रदेशगत असन्तुलन भने उस्तै रहेको छ । बागमती प्रदेशबाट ७८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । त्यसैले यो नतिजालाई एउटा अनुसन्धान प्रतिवेदनका रुपमा लिएर गुण प्रदेश, जिल्ला र पालिकाका नतिजा कमजोर छ, त्यहाँ गुणात्मक सुधारका कार्यक्रम प्रभावकारीरुपमा अघि बढाउनुपर्छ । दुर्गम क्षेत्रमा शैक्षिक अवस्था कमजोर हुँदा त्यसले समष्टिगत विकासमा समेत असर पारिरहेको छ । राम्रो शिक्षाको खोजीमा गाउँबाट सहर तथा सदर मुकामतर्फ हुने शैक्षिक बसाइसराइ तीव्ररुपमा बढिरहेको छ । गाउँबाट सक्रिय जनशक्ति बाहिरिनुको अर्थ त्यहाँको विकास सन्तुलनसमेत प्रभावित हुनु हो । त्यसैले सरकारले सन्तुलित शैक्षिक विकासका लागि दीर्घकालीन र व्यवहारिक कार्यक्रम अघि बढाउनु अत्यावश्यक छ ।

मकवानपुरमा आज

१: जानकारीमा नआएको

तपाईको आज

मेष समस्याप्रति गम्भीर नबन्दा दुःख पाईनेछ । वादविवादले मन खिन्न तुल्याउनेछ । स्वास्थ्यका लागि खानपानमा ध्यान पुऱ्याउनु होला ।

वृष बाध्यात्मक परिस्थितिले सताए पनि मध्यान्हपछि स्थितिमा सुधार आउनेछ । प्रयत्न गर्दा भौतिक सुविधाका वस्तुहरू जुट्नेछन् ।

मिथुन काम गर्न बिहानको समय अनुकूल छ । व्यापारमा लाभ हुनेछ । प्रेम वा मित्रताको बन्धन कसिनेछ । आफन्तको साथ पाईनेछ ।

कर्कट भौतिक वस्तुहरू जुटाउन सकिनेछ । सांझितिर काम बिगने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने देखिन्छ ।

सिंह सस्तो लाभमा लोभिंदा व्यर्थमा खर्च हुनेछ । खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला ।

कन्या साँझितिर कामबाट फुर्सद पाइनेछ । रमाइलो यात्रा गर्ने साइत जुर्नेछ । अतिथिकारूपमा प्राप्त होला । टाढिएका साथीसँग भेटघाट हुनेछ ।

तुला शुभचिन्तकहरूको साथ प्राप्त हुनुका उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र बन्नेछ । लेखन कलामा पनि निखारता आउने योग छ ।

वृश्चिक रोकिएका काम बन्नाले नयाँ कामतर्फ आकर्षित हुने योग देखिनेछ । विवादजन्य काममा हात हाल्दा थप आलोचित बन्नुपर्ने हुन सक्नेछ ।

धनु परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला । समयमा लिन नसक्दा काम रोकिन सक्छ ।

मकर साँझतिर स्थितिमा सुधार आउनाले नयाँ कामतर्फ अगसर भइनेछ । साथीभाइको सहयोग जुट्नेछ । सुखद समाचारले उत्साह जगाउनेछ ।

कुम्भ मिहिनेतले व्यक्तित्व निखार्ने समय छ । दिगो योजना प्रारम्भ हुन सक्छ । फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

मिन आकस्मिक खर्चले अर्थ अभाव देखा पर्न सक्छ । आफन्तजनबाट टाढिनु पर्ने अवस्था आउन सक्ला । व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६५०२३६, समाचार शाखा : ९८४५०२९८०३
विज्ञापन शाखा : ९८६५०४९२३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

सुकुम्बासीको पीडा र हुकुमवासीको चैन

✍विश्वनाथ खरेल

नेपालमा भूमिसँगको सम्बन्ध केवल उब्जनी वा आवाससँग मात्र जोडिएको नभएर यो सामाजिक प्रतिष्ठा, नागरिक पहिचान र राजनीतिक शक्तिको स्रोत पनि हो । यही भूमिको स्वामित्वलाई लिएर दशकौंदेखि दुईवटा विपरीत चित्र समानान्तर रूपमा अस्तित्वमा छन् । देशमा भूमिसुधारका कुरा वि.सं. २००७ देखि नै उठ्दै आए पनि वास्तविक भूमिहीनले अझै सुरक्षित ओत पाउन सकेका छैनन् ।

संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक र धारा ४० ले भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने व्यारेन्टी गरे पनि व्यवहारमा यो कार्यान्वयन हुन सकेको छैन । सुकुम्बासीको नाममा राजनीति गर्ने एउटा तप्का सधैं शक्ति र पहुँचका भरमा सार्वजनिक जग्गा कब्जा गरेर रमाइरहेको छ भने वास्तविक सुकुम्बासी सधैं ढोजरको त्रासमा बाँचिरहेका छन् । एउटा सुकुम्बासीको पीडा र अर्को हुकुमवासीको चैन छ । हालै सार्वजनिक तथ्यांकअनुसार राष्ट्रमा करिब १२ लाख परिवार सुकुम्बासी, भूमिहीन दलित वा अव्यवस्थित बसोबासीको रूपमा सूचीकृत छन्, जसले भूमिको असमान वितरण र राज्यको दीर्घकालीन कमजोरीलाई उजागर गर्छ ।

सुकुम्बासीको पीडा :

देशमा हालैको सरकारी विवरणअनुसार १२ लाख ३ हजार ५ सय १९ परिवार भूमिहीन वा अव्यवस्थित बसोबासीका रूपमा सूचीकृत छन् । यसमध्ये करिब १ लाख ७८ हजार परिवार भूमिहीन सुकुम्बासी र ९८ हजार परिवार भूमिहीन दलित हुन् । प्रदेशगत प्रभावलाई अवलोकन गर्ने हो भने लुम्बिनी प्रदेशमा मात्र ३ लाखभन्दा बढी परिवार प्रभावित छन् । त्यसपछि कोशी, सुदूरपश्चिम, बागमती र मधेस प्रदेशमा समस्या गहिरो छ । दैनिक ज्यालादारी मजदुर, सफाइकर्मी, निर्माण श्रमिक, बालबालिका र वृद्धहरू सुकुम्बासी बस्तीमा बस्छन् । एकदिन काम रोकिँदा यिनीहरूको चुलो बल्दैन । उनीहरूको पसिना र श्रमले सडक, भवन, पुल, बजार र सहर उभिन्छ । तर, त्यही सहरले बारम्बार उनीहरूलाई अस्वीकार गर्छ ।

सुकुम्बासीको पीडा :

वास्तविक सुकुम्बासीका लागि जीवन सधैं अस्थायी छ । सुकुम्बासीको पीडाको दिन पानी, शौचालय र खानाको खोजीबाट सुरु हुन्छ । नदी किनारका बस्तीमा सरसफाइको अभाव हुन्छ । बच्चाहरू प्रदूषित पानी र फोहोरमा खेल्छन् । स्वास्थ्य समस्या सामान्य छन्, जसमा झाडा पखाला, श्वासप्रश्वासको रोग, कुपोषण आदि छन् । शिक्षालाई हेर्ने हो भने धेरै बालबालिका विद्यालय जान सक्दैनन् । उनीहरूले आमाबुवालाई काममा सघाउनुपर्छ वा टहरा जोगाउनुपर्छ । महिलाको पीडा अझ बढी छ । उनीहरूले बाल बच्चा हुर्काउने, पानी बोक्ने, खाना पकाउने र कहिलेकाहीँ मजदुरी पनि गर्नुपर्छ । हिंसा र यौनिक शोषणको जोखिम उच्च छ । दलित, जनजाति, मुस्लिम र सीमान्तकृत समुदायमा सुकुम्बासीको अनुपात उच्च छ । यो ऐतिहासिक भूमि असमानताको परिणाम हो । नेपालमा शीर्ष ५ प्रतिशतले ३७ प्रतिशत खेतीयोग्य जग्गा नियन्त्रण गर्छन् भने दलित समुदायको प्रयोगमा जम्मा १ प्रतिशत मात्र भूमि रहेको सम्बन्धित क्षेत्रका विज्ञहरूको भनाइ छ । बाढी आउँदा उनीहरूको टहरा बग्छ, सम्पत्ति गुम्छ, कहिलेकाहीँ ज्यान पनि जान्छ । बालेन सरकारले सुकुम्बासी हटाउने अभियान चलाएको छ, तर वैकल्पिक आवासको व्यवस्था पर्याप्त छैन । उनीहरूलाई अस्थायी शिविरमा सारिन्छ, तर त्यहाँ पनि समस्या उस्तै रहन सक्छ । राजनीतिकरूपमा उनीहरू भोट बैंक बन्छन् ।

चुनावमा दलहरूले जग्गा र लालपुर्जाको आश्वासन दिन्छन् तर सत्तामा पुगेपछि बिर्सिन्छन् । बिगतलाई हेर्ने हो भने १८ वटा आयोग गठन भए, तर समस्या जस्ताको तस्तै छ । आयोगहरू राजनीतिक कार्यकर्ताका लागि प्रयोग भएका छन् । यहाँ सुकुम्बासीका पीडा निम्न बुँदाहरूमा उल्लेख गरिएको छ । पुनर्स्थापनाबिनाको उठीबास: सरकारले सार्वजनिक जग्गा संरक्षण अभियान अन्तर्गत सुकुम्बासी बस्तीहरूमा ढोजर चलाइरहेको छ । विकल्प वा पुनर्स्थापनाको स्पष्ट खाका नहुँदा ती नागरिक खुला आकाशमुनि बस्न बाध्य छन् । पहिचानको संकट: जग्गाधनी पुर्जा नहुँदा उनीहरूले राज्यबाट पाउने सामाजिक सुरक्षा, शिक्षा र स्वास्थ्यका सुविधाहरूमा पहुँच पाउन कठिन छ । दलीय भोट बैंक: निर्वाचनका बेला लालपुर्जाको आश्वासन दिने र निर्वाचन सकिएपछि बिर्सने प्रवृत्तिका कारण सुकुम्बासीहरू सधैं दलको गोटी बनिरहेका छन् । मनोवैज्ञानिक त्रास: कतिखेर नगर प्रहरी वा ढोजर आएर बास उठाइदिने हो भन्ने डरले बालबालिका र वृद्धवृद्धाहरूमा गम्भीर मानसिक असर परेको छ । हुकुमवासीको चैन: शक्तिको आडमा सार्वजनिक सम्पत्ति दोहन नेपालमा सुकुम्बासीको आवरणमा हुकुमवासी संस्कृति मौलाएको छ । हुकुमवासी भन्नाले ती व्यक्तिहरूलाई बुझिन्छ, जोसँग अन्यत्र पर्याप्त सम्पत्ति छ । उनीहरू राजनीतिक पहुँच र शक्तिको आडमा सरकारी जग्गा ओगटेर बसेका छन् । हुकुम वासीको जीवन सुकुम्बासीको ठीक उल्टो छ ।

उनीहरूसँग काठमाडौंका महँगा क्षेत्रमा बंगाला, पोखरा वा चितवनमा रिसोर्ट छन्, विदेशमा समेत सम्पत्ति राखेका छन् । उनीहरूको दिन एयरकन्डिसन कोठामा सुरु हुन्छ, बेकफास्टमा आयातित खानेकुरा, गाडी चहेर कार्यालय वा राजनीतिक बैठकमा उपस्थित भइरहेका छन् । देशको आय असमानता चरम छ ।

सबैभन्दा धनी १ प्रतिशतले राष्ट्रिय सम्पत्तिको ठूलो हिस्सा ओगटेका छन् । धनी १० प्रतिशतसँग गरिब ४० प्रतिशतको तुलनामा २६ गुणा बढी सम्पत्ति छ । हुकुमवासीले कानुन बनाउँछन्, नीति निर्धारण गर्छन् र आफ्नो हितमा प्रयोग गर्छन् । जग्गा कारोबार, राजनीतिक संरक्षण, भ्रष्टाचार र प्रभावको प्रयोगबाट उनीहरूको सम्पत्ति बढ्छ । एउटा सानो जग्गा किनेर प्लटिङ गरी करोडौं कमाउने, सरकारी जग्गा कब्जा गर्ने तर सुकुम्बासीमाथि ढोजर चलाउने प्रचलन रहिआएको विज्ञहरूको भनाई रहेको पाइन्छ । यो दोहोरो मापदण्ड हो । उनीहरूको चैनमा सुकुम्बासीको श्रमले योगदान गर्छ । अर्कोतिर निर्माण मजदुर, घरेलु कामदार, ड्राइभर, किसानहरू सबै सुकुम्बासी वा निम्न वर्गबाट आउँछन् । उनीहरूको पसिनाले हुकुमवासीको महल बन्छ तर उनीहरू लाई न्यूनतम ज्याला र सुरक्षा दिइँदैन । केही बुँदाहरू यहाँ उल्लेख गरिएको छ ।

पहुँचवालाको कब्जा: काठमाडौंका नदी किनारदेखि तराईका उर्वर वन क्षेत्रसम्म हुकुमवासीहरूले पक्की घर, व्यापारिक महल र पार्टी प्यालेससमेत बनाएका छन् । भ्रष्टाचार र सेटिङ: मालपोत र नापी कार्यालयका कर्मचारीसँगको मिलेमतोमा सार्वजनिक जग्गालाई व्यक्तिको नाममा नामसारी गर्ने खेल अझै रोकिएको छैन । ललिता निवासजस्ता प्रकरणहरू यसका जीवित उदाहरण हुन् । कानुनी छिद्रको फाइदा:अव्यवस्थित बसोबासीको सूचीमा परेर वास्तविक सुकुम्बासीको भाग खोस्ने काममा ठूला व्यापारी र दलका नेताहरू नै संलग्न छन् । द्वन्द्वको चुरो: वास्तविक नक्कली बीचको विभेद राज्यको मुख्य चुनौती नै वास्तविक सुकुम्बासी र हुकुमवासी छुट्याउन नसक्नु हो । ९ लाखभन्दा बढी अव्यवस्थित बसोबासीमध्ये धेरैजसोसँग अन्यत्र जग्गा छ । तर, उनीहरू पनि राज्यबाट सिर्तैमा वा सस्तोमा जग्गा हत्याउने दाउमा छन् । यसले गर्दा वास्तविक भूमिहीन दलित र सुकुम्बासीहरू सधैं ओझेलमा परिरहेका छन् । तसर्थ, सुकुम्बासी समस्या केवल जग्गा वितरण गरेर समाधान हुँदैन । यसका लागि एकीकृत योजना आवश्यक छ ।

वैज्ञानिक वर्गीकरणमा डिजिटल प्रविधिको प्रयोग गरी व्यक्तिको सम्पत्ति विवरणमाफत वास्तविक सुकुम्बासी र हुकुमवासीको पहिचान हुनुपर्छ । सामूहिक आवासमा जग्गा वितरण गर्नु भन्दा राज्यले आवास एकाइहरू बनाएर न्यून भाडा वा किस्तामा वास्तविक सुकुम्बासीलाई उपलब्ध गराउनुपर्छ । यसका लागि कडा कानुनी कारवाही अपरो खेण्डमा हुकुमवासी र सार्वजनिक जग्गा अतिक्रमण गर्नेहरूलाई फौजदारी कसुर अन्तर्गत कारवाही गरी उनीहरूबाट हर्जाना असुल गर्नुपर्छ । यसका अतिरिक्त स्थानीय तहको सक्रियतामा संघीय सरकारले नीति बनाउने र स्थानीय सरकारले वास्तविक पीडितको लगत प्रमाणीकरण गर्ने जिम्मेवारी पूर्णरूपमा बहन गर्नुपर्छ ।

सुकुम्बासीको पीडा र हुकुमवासीको चैन नेपालको विकासको विरोधाभास हो । एउटा पक्षले भोक, डर र अपमान सहिरहेको छ भने अर्कोले बिलासिताको मजा लिइरहेको छ । यो स्थितिले राष्ट्रिय एकता, सामाजिक न्याय र स्थिरतालाई चुनौती दिइरहेको छ । एउटा समावेशी समाज निर्माण गर्न सकिन्छ । संविधानको भावनाअनुसार प्रत्येक नागरिकलाई सम्मानजनक जीवन दिनु र ज्यको दायित्व हो । सुकुम्बासीलाई मात्र नभएर समग्र समाजलाई न्याय दिनुपर्छ । यो समस्या राजनीतिक नभई मानवीय र संरचनागत हो । हुकुमवासीले आफ्नो चैनको मूल्य सुकुम्बासीको पीडाबाट चुकाइरहेका छन् भन्ने बुझ्नुपर्छ । यसमा परिवर्तन अबको आवश्यकता हो, होइन भने द्वन्द्व र अस्थिरता बढ्नेछ ।

निष्कर्ष :

देशमा भूमिको स्वामित्व केवल आर्थिक विषय मात्र नभएर मानवीय संवेदना र सामाजिक न्यायको विषय पनि हो । देशमा झण्डै ५० लाख नेपालीले सुकुम्बासीका कारण दुःख भोग्दै छन् । सुकुम्बासीका आँसुमाथि टेकेर हुकुमवासीले महल बनाउने परम्परा अब अन्त्य हुनुपर्छ । सन् २०२६ सम्म आइपुग्दा पनि १२ लाख परिवार भूमिहीन हुनु आधुनिक लोकतन्त्रका लागि लज्जाको विषय हो । सक्यो भने मात्र बासिरहेका सुकुम्बासीको पीडा कम हुनेछ र हुकुमवासीको अवैध चैन दुउनेछ ।

साभार : कारोबार दैनिक

आर्थिक असमानता र लोकतन्त्र



✍डा. अमर गिरी



लोकतन्त्रलाई जनताको शासनका रुपमा परिभाषित गरिए जस्तै जनताको शासन हो त ? लोकतन्त्रको जन्मसँगै यस्तो प्रश्न गर्न थालिएको थियो । समय बित्दै जांदा यस्तो प्रश्न अझ बढ्दै गर्न थालियो । आज यस्तो प्रश्न अझ बढ्दै गरिरहेछ । आर्थिक असमानताले यस्तो प्रश्नलाई अझ बढ्दै सान्दर्भिक बनाएको छ । लोकतन्त्र जनताको शासन हो कि आर्थिकरुपमा शक्तिशाली सीमित मानिसको चाहना र निर्देशनमा चल्ने दलीय संरचना हो भन्ने प्रश्न आज धेरैले गर्छन् । प्रश्नको पछि इतिहास, वर्तमान अनुभव र लोकतन्त्रका सीमासम्बन्धि गहिरो बुझाइले काम गरेका छन् । आममानिसका निम्ति उनीहरुका अनुभव सबैभन्दा महत्वपूर्ण छन् । धनाढ्यहरुको लोकतन्त्रमा बढ्दो प्रभावका कारण कतिपयले 'कर्पोरेट लोकतन्त्र', 'कुलीन लोकतन्त्र' पदावलीको प्रयोग पनि गर्छन् ।

लोकतन्त्रको संस्थागत विकास आधुनिक युगमा बेलायतबाट आरम्भ भएको मानिन्छ । गौरवमय क्रान्ति, फ्रान्सेली क्रान्ति, अमेरिकी क्रान्ति आदिद्वारा लोकतन्त्रले एक निश्चितस्वरुप ग्रहण गऱ्यो । पूंजीवादको विकासका कारण व्यापारी र उद्योगपति जन्मिए र शक्तिशाली भए । उनीहरु स्वतन्त्र बजार, कानुनी संरक्षण र राज्यको कठोर नियन्त्रणबाट बाहिर निस्कन चाहन्थे । उनीहरुको यस चाहनाले लोकतन्त्रका निम्ति आधार तयार पार्न भूमिका सम्पादन गऱ्यो । व्यक्तिगत सम्पत्ति, मुनाफा, बजारतन्त्र, प्रतिस्पर्धा, छनोटको स्वतन्त्रता आदि मुख्य विशेषता भएको पूंजीवादका निम्ति 'अनुकूल लोकतन्त्र' आवश्यक थियो । पुरानै दलीय प्रणालीबाट पूंजीवादको विकास सम्भव थिएन । अर्कोतिर स्वतन्त्रता, समानता र सामाजिक न्यायका निम्ति जनताको संघर्षका कारण नयां दलीय प्रणालीको विकास झन् आवश्यक बन्यो । पूंजीवादको विकास र अधिकारका निम्ति जनताको संघर्षका कारण स्थापित लोकतन्त्र पूंजीवादकै कारण लोकतन्त्र जस्तो हुन सकेन । लोकतन्त्र र पूंजीवादका कैयौं मान्यता एक अर्काका विरुद्धमा उभिए पनि लोकतन्त्रलाई पूंजीवादका आधारभूत हितहरुको संरक्षण गर्ने गरी विकास गरियो ।

लोकतन्त्र र पूंजीवादका बीचमा कैयौं कुरामा द्वन्द्व रहे पनि यसको मूल चरित्र समान्तर आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिकरुपमा वर्चस्वशालीवर्गको हित रहेको छ । उदारवादी लोकतन्त्र आफ्नो इतिहासमा पूंजीपति वर्गको हितका विरुद्ध अपेक्षाअनुसार उभिन सकेको पाइन्न । यस वर्गसँग सम्झौता यसको चरित्र छ । उनीहरुका हितका विरुद्धमा नउभिएर जनताको हितमा काम गर्ने प्रयास भएका छन् । मार्क्सको धारणा लोकतन्त्र पूंजीवादका विरुद्ध संघर्ष गर्न र मानिसलाई लोकतन्त्रको वास्तविक अनुभव गराउन असमर्थ छ भन्नेछ । आर्थिक असमानता, उत्पादनका साधनमाथि हुनेखानेे वर्गको एकाधिकार, मुनाफा, सरकार र राज्यका विभिन्न अंगमा सम्पत्तिशाली वर्गको वर्चस्व लोकतन्त्रलाई लोकतन्त्र जस्तो हुन नदिने महत्वपूर्ण कारण हुन् । यसैकारण मार्क्स लोकतन्त्रले मूलतः पूंजीपतिवर्गको हितका निम्ति काम गर्छ भन्थे र लोकतन्त्रलाई वुर्जुवा लोकतन्त्रका रुपमा उल्लेख गर्थे ।

आर्थिक असमानताका कारण सबै अधिकार प्रभावित हुन्छन् । वाक् स्वतन्त्रता, प्रेस स्वतन्त्रता, शिक्षा, स्वास्थ्य आदिसम्बन्धि अधिकार बढी औपचारिक बन्छन् । आर्थिक असमानता र उत्पीडन लोकतन्त्रलाई साहरीन बनाउने सबैभन्दा ठूलो कारण हो । त्यसपछि अन्य कारण आउँछन् । किन्सले पूंजीवाद र लोकतन्त्रबीच सन्तुलन बनाई-राख्न कल्याणकारी राज्यको अवधारणा अघि सारेका थिए तर यसले लामो समय काम गरेन । नवउदारवाद अगाडि आयो हामी आधा शताब्दीदेखि नवउदारवादलाई व्यहोर्दैछौं । नेपालमा यसको आरम्भ केहीपछि भयो । नवउदारवादका कारण लोकतन्त्रका मर्महरु अझ बढी पाखा लागे । डेभिड हार्वेले नवउदारवादलाई आर्थिक नीति मात्र नभनेर धनीवर्गको शक्तिलाई पुनः स्थापना गर्ने परियोजना पनि हो भनेका छन् । यसका कारण लोकतन्त्र विगतका तुलनामा अझ कमजोर बनेको छ ।

लोकतन्त्रमा कर्पोरेटहरुको बढ्दो प्रभाव र नियन्त्रण, निर्वाचनमा पैसाको बढ्दो भूमिका, मिडियामा धनीहरुको नियन्त्रण, कमजोर श्रमिक आन्दोलन, चरम दक्षिणपन्थी र लोकप्रियतावादी शक्तिहरुको उदय, नवउदारवाद र लोकतन्त्रप्रतिको निराशासँग जोडिएका छन् । निजीकरण, बजारको स्वतन्त्रता, सार्वजनिक क्षेत्रहरुको कटौती, विनियमन जस्ता कुरालाई प्राथमिकतामा राख्ने नवउदारवादले लोकतन्त्रको अझ बढी चिरहरण गरेको छ । स्टिगलिज्ज जस्ता विद्वानले संसार 'एक डलर, एक भोट' तर्फ धकेलिने चेतावनी त्यसै दिएका होइनन् । पैसाबाट निर्वाचन कसरी प्रभावित हुन्छ, पैसाका कारण निर्वाचनमा टिकट कसरी वितरण गरिन्छ र राज्य संरचना पैसाका अगाडि कसरी झुक्छ भन्ने अनुभव हामी आफैंसँग छ । आर्थिक असमानताले आर्थिक समस्या मात्र सिर्जना गर्दैन, राजनीतिक समस्या पनि सिर्जना गर्छ । सम्पन्नहरु नै नीति निर्माण प्रक्रियामा निर्णायक हुन्छन् । विधायक, मन्त्री, विशिष्ट कर्मचारी केही बन्नैपर्दैन । पर्दा पछाडि धेरै खेल खेलिन्छन् । थोमस पिकेटी आर्थिक असमानता र सम्पत्तिको केन्द्रीकरणका कारण लोकतन्त्र कमजोर हुने तर्क गर्छन् । रुसोले धेरै पहिले आर्थिक असमानताका बीचमा स्वतन्त्रता टिक्दैन भनेका थिए । आर्थिक असमानताले नागरिकहरुको आर्थिक हैसियतलाई प्रभावित गर्छ र त्यसको नकारात्मक असर लोकतन्त्रमा पर्छ भन्ने उनको विचार थियो ।

पछिल्लो विश्व असमानता प्रतिवेदनअनुसार संसारका ६० हजार जति धनी मानिसले विश्वको आधा जनसंख्याको भन्दा ३ गुणा बढी सम्पत्तिमाथि अधिकार राख्छन् । अक्सफामको अध्ययनअनुसार संसारका १ प्रतिशत मानिसले २०१५ यता (२०२५ सम्म) ३३.९ ट्रिलियन डलर सम्पत्ति थपेका छन् । भनिन्छ, यसबाट विश्वको गरिबीलाई २२ पटक-सम्म अन्त्य गर्न सकिन्छ । संसारका १० प्रतिशत शीर्ष धनीहरुले संसारको सम्पत्तिको ७५ प्रतिशत भाग नियन्त्रण गर्छन् । संसारको आधा जनसंख्या सँग संसारको कुल सम्पत्तिको २ प्रतिशत मात्र छ । नेपालमै २० प्रतिशतभन्दा बढी मानिस गरिबीको रेखामुनि छन् । थोरै मानिसमा सम्पत्तिको केन्द्रीकरण, बढ्दो असमानता, बेरोजगारी र गरिबी आजका कटु यथार्थ हुन् । लोकतन्त्र मतदान गर्न पाउनु मात्र नभएर सम्मानजनक जीवन जिउनु, समान अवसर प्राप्त गर्नु, निर्णय प्रक्रियामा समान पहुँच हुनु, असमानताको अन्त्य हुनु र वास्तविक स्वतन्त्रता प्राप्त गर्नु हो भने लोकतन्त्रलाई लिएर प्रश्न उठ्नु स्वाभाविक छ । हाम्रा अगाडि निर्वाचन महँगो हुँदै गएको, दल ठूला व्यावसायिक घराना, कर्पोरेट समूह एवम् धनीहरुसँग नजिकिदै गएको र बलियो प्रभावमा परेको यथार्थ छ ।

उदारवादी लोकतन्त्रका सीमा पूंजीवादको संरक्षण एवं हितमा प्रकट हुन्छ । पूंजीवादको स्वतन्त्रता, समानता र सामाजिक न्याय विरोधी चरित्र र उदारवादी लोकतन्त्रको पूंजीवादलाई संरक्षण गर्ने चरित्रका कारण लोकतन्त्र लोकतन्त्र जस्तो हुन नसकेको हो । उदारवादी लोकतन्त्रले एक हदसम्म पूंजीवादसँग संघर्ष पनि गरेको छ तर त्यसका आधारभूत हितमा खलल नपर्ने गरी । यतिले मात्र लोकतन्त्रलाई जनताको शासनको रुपमा परिभाषित गर्न कठिन हुन्छ ।

साभार : नयाँ युगबोध दैनिक

फेरि छलफलमा 'नो भोट'

काठमाडौं/सरकारले निर्वाचन आयोगमै फिर्ता पठाएको निर्वाचनसम्बन्धि कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि राजनीतिक दलसँग परामर्श सुरु भएको छ । प्रतिनिधिसभाको निर्वाचनपछि गठित सरकारले थप छलफलसहित पुनः पेस गर्न उक्त मस्यौदा विधेयक गत महिना आयोगमा फिर्ता पठाएको थियो । आयोगले २०८० असार १८ गते गृह मन्त्रालयसमक्ष विधेयक पेस गरेको थियो । विधेयक तयार पार्न नेपाल सरकार मन्त्रिपरिषद्को २०७८ पुस १४ गतेको निर्णयबाट सैद्धान्तिक सहमतिसमेत प्राप्त भएको थियो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले विधेयकको मस्यौदाका विषयमा संघीय र प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने १४ राजनीतिक दलका प्रतिनिधिसँग मंगलबार छलफल गरिएको जानकारी दिए । छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य डा. रामनारायण ढुंगाना, नेपाली कांग्रेसका सहमहामन्त्री योगेन्द्र चौधरी, नेकपा एमालेका केन्द्रीय सदस्य नीरज आचार्य, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य डा. मुक्ति प्रधान, श्रम संस्कृति पार्टीका सहमहामन्त्री समीर तामाङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका सहमहामन्त्री श्यामबहादुर शाही, जनता समाजवादी पार्टी नेपालका महासचिव डा. सुरेन्द्र कुमार झा, नेपाल मजदुर किसान पार्टी सचिव प्रेम सुवाल, राष्ट्रिय जनमार्चाका महासचिव मनोज भट्ट, प्रगतिशील लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य रामप्रकाश पुरी लगायत सहभागी थिए ।

रास्वपाका नेता ढुंगानाले विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गरिनुपर्नेमा जोड दिंदै अन्तरजिल्ला मतदाताको प्रबन्ध गर्न आग्रह गरे । एमालेका नेता आचार्यले विदेशमा रहेका नेपालीको मताधिकार बारे सैद्धान्तिकरुपमा विरोध नरहे पनि यसबारे विस्तृत अध्ययन गर्नुपर्ने बताए । उनले 'नो भोट' को प्रबन्ध गर्दा ५० प्रतिशत्भन्दा कम मतदाताले अस्वीकार नगरेमा पुनः मतदान वा के गर्ने तथा अग्रिम मताधिकारजस्ता विषयमा पार्टीको शीर्ष नेतृत्वसँग राय लिएर आयोगलाई सुझाव दिइने जनाए ।

नेकपाका नेता प्रधानले श्रम स्वीकृति लिएर विदेशमा रहेका नेपालीको मात्र मताधिकार कायम गर्न सकिने राय दिए । नेमकिपाका सुवालले भने विदेशमा रहेका नेपालीको मताधिकार कायम गर्न नहुने तर्क प्रस्तुत गरे । जनमोर्चाका महासचिव भट्टले समानुपातिक निर्वाचन प्रणालीमा मतसीमा (थ्रेस-होल्ड) हटाउन माग गरे ।

छलफलमा दलका प्रतिनिधिले केही दिन थप अध्ययनका लागि समय दिन र त्यसपछि आफूहरुले लिखित सुझाव दिने जनाएका छन् । दलहरु र अन्य पक्षबाट आउने सुझावलाई मनन् गरेर थप परिमार्जनसहित छिट्टै सरकारसमक्ष विधेयक पेस गरिने प्रवक्ता भट्टराईले जानकारी दिए ।

निर्वाचन व्यवस्थापनलाई अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन साबिकको निर्वाचनसम्बन्धि कानुन परिमार्जन गरी निर्वाचनसम्बन्धि कानुनलाई संशोधन र एकीकरण बनेको प्रस्तावित विधेयक सर्वोच्च अदालत बाट भएका निर्देशनात्मक आदेश तथा अन्तर्राष्ट्रिय अभ्यास, विगतका अनुभव तथा सरोकारवालाको पृष्ठपोषणसमेतका आधारमा तयार गरिएको हो ।

आयोगका अनुसार प्रस्तावित विधेयकमा निर्वाचन सम्बन्धि कानुनको अन्तर्राष्ट्रिय मान्यताअनुसार मतदानको विश्वव्यापी अधिकार, मतदानमा समान अधिकार, मतदानमा प्रत्यक्ष संलग्नता, गोप्य मतदान तथा निर्वाचनमा समान सहभागिताजस्ता विषय समावेश छन् ।

प्रस्तावित विधेयकमा थुप्रै नयाँ व्यवस्था गरिएका छन् । मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय वा सम्बन्धित स्थानीय तहमार्फत् विद्युतीय माध्यमबाट नियमितरुपमा गर्ने प्रस्ताव गरिएको छ । कुनै पनि नेपाली नागरिकले आफू स्थायी बसोबास गरेको वडाको मतदाता नामावलीमा नाम दर्ता हुने गरी कुनै पनि निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सक्ने, मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको विवरण संकलन गर्ने व्यवस्था गरिएको छ । निर्वाचन हुने दिन र निर्वाचन प्रचारप्रसारको अवधि कानुनमै किटान गर्नुपर्ने, प्रस्तावित विधेयकमा उम्मेद्वारको योग्यता र अयोग्यतासम्बन्धि विस्तृत व्यवस्था थप गरी स्पष्ट गरिएको छ ।

संघीय संसद्, प्रदेशसभा वा स्थानीय तहको सदस्यमा उम्मेद्वार भइ पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचनबाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेद्वार हुन नसक्ने, प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेद्वार हुन नसक्ने तथा कुनै एक राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पदत्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेद्वार हुन नसक्ने प्रस्ताव गरिएको छ ।

राष्ट्रपति वा उपराष्ट्रपति, संघीय संसद्, प्रदेशसभा सदस्य र स्थानीय तहको सदस्य निर्वाचनमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा उजुरी परे सम्बन्धित अदालतले त्यस्तो मुद्दा छ महिनाभित्र कारबाही र किनारा गर्नुपर्ने, प्रतिनिधि सभा वा प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेद्वारी दिंदा कम्तिमा ३३ प्रतिशत् महिला उम्मेद्वार दिनुपर्ने व्यवस्था गरिएको छ । स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कम्तिमा एक महिला उम्मेद्वार हुनुपर्ने, एउटा पदमा मात्र उम्मेद्वारी दिंदा महिला उम्मेद्वार दिनुपर्ने एवम् वडा अध्यक्षमा उम्मेद्वारी दिंदा सम्बन्धित स्थानीय तहका सम्पूर्ण वडा अध्यक्षमध्ये कम्तिमा ३३ प्रतिशत् महिला उम्मेद्वारी दिनुपर्ने व्यवस्था गरिएको छ ।

आयोगले विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई नेपाली कुटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाट प्रतिनिधिसभा समानुपातिकतर्फको निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउने, निर्वाचनमा सम्भव भएसम्म स्वदेशी निर्वाचन सामग्री प्रयोग गर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

कुनै मतदाताले कुनै पनि उम्मेद्वारलाई समर्थन नरहेको भनी मतदान गर्न चाहेमा आयोगले त्यस्तो उम्मेद्वारलाई समर्थन नरहने गरी मतपत्रमा मतदानको व्यवस्था गर्ने, मतपत्र गणना गर्दा कुनै पनि उम्मेद्वारलाई समर्थन नरहेको मतसंख्या त्यस्तो निर्वाचनमा मतदान भएको कुल सदर मतको ५० प्रतिशत्भन्दा बढी भए त्यस्तो निर्वाचन रद्ध हुने प्रस्ताव विधेयकमा छ ।

रारातालमा ट्रेलरनको उपाधि कुंवर र बुढालाई

मुगु/मुगु जिल्लाको रारा-तालमा भएको छैटौं रारा ट्रेलरनको उपाधि जुम्लाका दलबहादुर कुँवर र सुनमाया बुढाले हात पारेका छन् । पुरुषतर्फ जुम्ला तातोपानी गाउँपालिका-७, जुम्लाका दलबहादुर र महिलातर्फ जुम्ला पातरासी गाउँपालिका-२ की बुढाले रारा ट्रेलरनको उपाधि चुमेका हुन् ।

रारातालको सौन्दर्यताको प्रचारप्रसारका लागि नेपाली सेनाले ६ वर्षदेखि मुगुको रारामा रारा ट्रेलरनको आयोजना गर्दै आएको छ । यस वर्ष पनि नेपाली सेना हनुमानध्वज गुल्मको आयोजनामा बुधबार भएको रारा ट्रेलरनको छैटौं संस्करण १६ किलोमिटरमा महिलातर्फ ४९ र पुरुषतर्फ ३ सय १२ जना र एक जना विदेशी नागरिकसहित ३ सय ६१ जनाले सहभागिता जनाएका थिए ।

कुँवरले १६ किलोमिटर दुरी एक घण्टा १५ सेकेन्डमा पार गरे । जुम्ला कनकासुन्दरी गाउँपालिका-३ का युवा राज बुढा १ घण्टा १ मिनेट ९ सेकेण्डमा दोस्रो र मुगुको छायानाथ रारा नगरपालिका-१४, बामगाउँका अक्कल बढुवालले १ घण्टा ३ मिनेट ५५ सेकेण्ड लगाएर तृतीय स्थान हासिल गरेका थिए ।

महिलातर्फका ४९ धाविकालाई पछि पार्दै बुढा प्रथम भइन् । उनले १६ किलोमिटर दुरी निर्धारित १ घण्टा १३ मिनेट ५० सेकेन्डमा पार गरी प्रथम भइन् । जुम्ला पातारासी गाउँपालिका-२ की राममाया बुढाले १ घण्टा १५ मिनेट १ सेकेण्डमा द्वितीय र डोल्पा जिल्ला त्रिभुवन आर्मीकी सुनसरी रोकाया १ घण्टा १७ मिनेट २८ सेकेण्ड लगाएर तेस्रो स्थान पक्का गरिन् ।

ट्रेलरनमा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने महिला तथा पुरुषतर्फका विजेता खेलाडीहरुलाई जनही क्रमशः ५० हजार, ३० हजार र २० हजार नगदसहित प्रमाणपत्र प्रमाणपत्र प्रदान गरिएको छ । रारा ट्रेलरनले कर्णाली प्राकृतिक सुन्दरताले मात्र भरिपूर्ण नभइ खेल पर्यटनका हिसाबले पनि अनुकूल भएको सन्देश फैलाइरहेको छ । नेपाली सेनाले हरेक वर्ष रारामा ट्रेलरन आयोजना गर्ने गरेको नेपाली सेनाले जनाएको छ ।

उपकुलपति प्रधानमन्त्रीलाई चित्त नबुझे 'आउट'

काठमाडौं/अध्यादेशबाट पदाधिकारी र विश्वविद्यालयबाट दलनिकट प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठनलाई आउट गरेपछि सरकारले आठ विश्वविद्यालयका उपकुलपति नियुक्ति प्रक्रिया सुरु गरेको छ । उपकुलपतिको कार्यकाल तोकिएको छैन । सरकारले अधिकांश निकायमा पदाधिकारी नियुक्ति गर्दा कार्यकाल नतोक्ने रणनीति अवलम्बन गरेको छ ।

विश्वविद्यालयमा पनि त्यस्तै अभ्यास सुरु गर्न थालेको छ । 'कुलपति एवम् प्रधानमन्त्रीलाई चित्त बुझेसम्म नियुक्ति कायम भयो । चित्त बुझेन भने आउट,' त्रिविका एक पूर्व-उपकुलपतिले भने । कार्यकाल नतोकेकै कारण उपकुलपतिका लागि फारम भर्नेको संख्या घट्नसक्ने अनुमान छ । सरकारले जारी गरेको विश्व-विद्यालयको उपकुलपति छनौट तथा सिफारिससम्बन्धि एकीकृत कार्यविधि, २०८३ मा योग्य व्यक्तिले उपकुलपति हुन फारम भर्नुपर्ने छ । कार्यविधिमा उपकुलपति सिफारिस गर्न विज्ञ समिति गठन भएको छ । छनौट भएका उपकुलपतिको उम्मेद्वारमध्ये तीन जनाको नाम सिफारिस गरी कुलपति एवम् प्रधानमन्त्री बालेन्द्र शाहसमक्ष पेस हुनेछ ।

नियुक्ति प्रक्रियामा पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत् निष्पक्षता बलियो बनाउन विज्ञ समितिले प्रारम्भिक छनौट गर्ने सर्टलिस्टमा परेका उम्मेद्वारबारे सार्वजनिक रायसुझाव मागिने छ । विज्ञहरुको मूल्यांकन, खुला प्रतिस्पर्धा र सार्वजनिक सुझावसमेतको आधारमा नियुक्ति अघि बढाइने गरी कार्यविधि तयार पारिएको छ । प्रधानमन्त्रीले गठन गरेको सिफारिस समितिले आवश्यकताअनुसार विज्ञहरुको उपसमिति गठन गर्नेछ । विज्ञ उपसमिति वा सिफारिस समितिका नजिकका नातेदार उम्मेद्वार भए स्वार्थको द्वन्द्व नहुने गरी पुनः अर्को विज्ञ तोकिनेछ भने कार्यविधिमा नजिकका नातेदारको स्पष्ट परिभाषा गरिएको छ । नयाँ कार्यविधिले उपकुलपति बन्न विद्यावारिधि (पीएचडी) अनिवार्य गरेको छ भने कम्तिमा १० वर्ष अनुसन्धान तथा प्राज्ञिक अनुभव, उच्च नैतिक चरित्र र राजनीतिक दलको सदस्य नरहेको र लेखरचनामा साहित्यिक चोरी नगरेको स्वघोषणा अनिवार्य गरेको छ ।

कार्यविधिमा लुम्बिनी बौद्ध र कृषि तथा वन विश्वविद्यालयमा योग्यता फरक गरिएको छ । उक्त विज्ञ उपसमितिले उम्मेद्वारको शैक्षिक योग्यता, अनुसन्धान अनुभव, रणनीतिक दृष्टिपत्र, कार्ययोजना र प्रस्तुतिकरणको अध्ययन गरी प्रारम्भिक मूल्यांकन गरी उच्च अंक प्राप्त गर्ने १० जनाको नाम सर्टलिस्ट गरी सार्वजनिक गरिनेछ । ती उम्मेद्वारबारे सार्वजनिक रायसुझाव संकलन गरिनेछ । त्यसपछि प्रस्तुतिकरण तथा अन्तर्वार्ता सञ्चालन हुने व्यवस्था कार्यविधिमा छ । विशेषगरि भिजन पेपर एक्सन मूल्यांकन गर्दा उम्मेद्वारको नाम गोप्य राखी डबल कोडिङ प्रणाली प्रयोग गरिने व्यवस्था गरिएको छ ।

यसले व्यक्तिको पहुँच वा प्रभावभन्दा गुणस्तरलाई प्राथमिकता दिने प्रयास गरिएको छ । उम्मेद्वारले विश्वविद्यालय सुधार, अनुसन्धान विस्तार, प्रशासनिक सुधार र शैक्षिक गुणस्तर वृद्धिबारे आफ्नो स्पष्ट रणनीति प्रस्तुत गर्नुपर्नेछ । कार्यविधि अनुसार उपकुलपतिका लागि आवेदन दिने सबैको मूल्यांकन सय पूर्णांकको हुनेछ । प्रकाशित अनुसन्धान, पुस्तक, प्रशासनिक अनुभव, प्रस्तुतिकरण र अन्तर्वार्तालाई अंक दिइनेछ भने अत्यधिक कम वा धेरै अंक दिंदा कारण खुलाउनुपर्ने व्यवस्था पनि गरिएको छ । आवेदक भ्रष्टाचारजन्य, व्यक्तिगत् आचरणसम्बन्धि लगायत कुनै पनि अभियोग नलागेको सदाचार युक्त हुनुपर्नेछ ।

यसविपरीत देखिएमा वा उजुरी वा गुनासो प्राप्त भएमा त्यस्ता आवेदनलाई अस्वीकार गरिनेछ भने यस विषय निरुपण गर्ने क्रममा समितिले सरोकारवाला निकायहरुमा लेखीपठाइ जाँच तहकिकात गर्नसक्ने व्यवस्था गरिएको छ । नेपालका विश्वविद्यालयहरुमा लामो समयदेखि राजनीतिक भागबण्डा, पहुँचमा आधारित नियुक्ति र अपारदर्शी प्रक्रियाको आलोचना भइरहेका बेला सरकारले विशेषज्ञ मूल्यांकनलाई संस्थागत् रुप दिन खोजेको छ । सरकारले त्रिभुवन, पोखरा, लुम्बिनी बौद्ध, कृषि तथा वन, मध्यपश्चिम, सुदूरपश्चिम र राजर्षि जनक विश्वविद्यालयको रिक्त उपकुलपतिका लागि आवेदन माग गरेको हो ।

क्लासिकटेकप्रति ग्राहकको बढ्दो आकर्षण

CLASSIC TECH

हेटौंडा/नेपालका इन्टरनेट सेवा प्रदायक कम्पनीहरूमध्ये क्लासिक टेकप्रति ग्राहकहरूको आकर्षण बढ्दै गएको कम्पनीले दावी गरेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणले हालै प्रकाशन गरेको तथ्यांकले नेपालमा इन्टरनेट सेवा प्रदान गर्दै आएका अधिकांश सेवा प्रदायकमा भन्दा क्लासिक टेकमा ग्राहकको बढ्दो आकर्षण रहेको जनाएको छ । गतवर्ष २०८२ फागुन र चैत्र महिनाको नयां इन्टरनेट जडान गर्ने ग्राहकको संख्यामा इन्टरनेट वर्गीकरणअनुसार क्लासिक टेक पहिले रहेको तथ्यांकमा उल्लेख छ ।

सो तथ्यांकअनुसार २०८२ सालको फागुन महिनामा क्लासिक टेकका कुल ग्राहक संख्या २७९,८४८ रहेकोमा चैत्र महिनामा बढेर २८३,३७१ पुगेको छ । यस अवधिमा कम्पनीले ३,५२३ नयाँ ग्राहक थप्न सफल भएको देखिन्छ । तथ्यांकलाई हेर्दा विशेषगरी २०८२ सालको फागुन र चैत्र महिनाको ग्राहक क्लासिक टेकले उल्लेखनीयरूपमा नयाँ ग्राहक थप्न सफल भएको देखिन्छ ।

कम्पनीप्रति ग्राहकको आकर्षण बढ्नुमा सहुलियत मूल्यमा गुणस्तरीय इन्टरनेट सेवा उपलब्ध गराउनु तथा अत्याधुनिक प्रविधियुक्त वाई फाइ सिक्स राउटर सानादेखि ठूला सबै प्याकेजमा उपलब्ध गराउनु मुख्य कारणका रूपमा हेरिएको छ ।

यति मात्र नभई ५० देखि ३०० एमबिपिएससम्मका ३ महिने तथा वार्षिक प्याकेजहरूमा समेत वाइफाइ सिक्स राउटर प्रदान गराइएकाले ग्राहकहरूको रोजाइमा क्लासिक टेक पर्न सफल भएको कम्पनीको दावी छ । इन्टरनेट जस्तो अत्यावश्यक सेवामा ग्राहक समर्थन तथा प्राविधिक सेवाको विषय भने कम्पनीका लागि चुनौतीपूर्ण रहँदै आएको छ ।

विशेषगरी वर्षायाममा मौसम परिवर्तन, फाइबर लाइन क्षति तथा विभिन्न प्राविधिक समस्याका बाबजुद पनि कम्पनीले सेवा विस्तार र ग्राहक सन्तुष्टिलाई प्राथमिकतामा राख्दै आएको जनाएको छ । केही समयअघि क्लासिक टेकले ग्राहक समर्थन तथा टेक्निकल फिल्ड सपोर्ट सेवा सुधारका लागि विशेष सेवा अभियानसमेत सञ्चालन गरेको थियो । कम्पनीका अनुसार नयाँ ग्राहक विस्तारसंगै विद्यमान ग्राहकलाई प्रभावकारी सेवा उपलब्ध गराउनु पनि उत्तिकै प्राथमिकतामा रहेको छ ।

घरायसी सेवासम्बन्धि सहयोगका लागि अफिसियल तथा कर्पोरेट सपोर्टका लागि सम्पर्क गर्न सकिनेछ । साथै, क्लासिक टेक मोबाइल एप मार्फत् पनि ग्राहकहरूले आफ्नो समस्या वा सेवासम्बन्धि टिकट दर्ता गर्न सक्ने व्यवस्था रहेको कम्पनीले जनाएको ।

६-१० बजेसम्म सवारी सञ्चालन नगर्न आग्रह

काठमाडौं/नेपाली कम्युनिष्ट पार्टीनिकट अखिल नेपाल सुकुम्बासी संघले सुकुम्बासी तथा अव्यवस्थित बस्ती खाली गराउने सरकारको कदमविरुद्ध आन्दोलन गर्ने भएको छ । संघले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै गुठी तथा बिर्तापीडित समुदायमाथि भइरहेको जबर्जस्ती उठीबास र डोजर अभियान विरुद्ध आन्दोलन गर्ने जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा संघ अध्यक्ष अमर परियारले अदालतले सुकुम्बासी बस्ती खाली नगराउन अन्तरिम आदेश दिइसक्दा पनि कोहलपुरमा सुकुम्बासी बस्तीमाथि डोजर चलाउने काम भएको भन्दै आपत्ति जनाए । सरकारले सर्वोच्च अदालतको आदेशमाथि धावा बोल्ने काम गरेको भन्दै उनले उक्त कुराको निन्दा गरे । उनले सरकारमात्र नभइ नेपाली सेना आफैं विवादमा आउने गरेर हस्तक्षेप गरेको भन्दै त्यसका विरुद्ध संघर्ष गरिने बताए । संघले बैशाख ११ गते घोषणा गरेको आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिंदै बैशाख ३१ गतेदेखि थप संघर्षका कार्यक्रम सञ्चालन गरिने उनको भनाइ छ ।

उनले बैशाख ३१ गते विहान ६ बजेदेखि १० बजेसम्म सवारीसाधन सञ्चालन नगरी सहयोग गर्न यातायात व्यवसायी र सर्वसाधारणलाई आग्रह गरे । उनले प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारमाथि अध्यादेश मार्फत् शासन चलाउन खोजेको, नेपाली सेनालाई विवादमा तान्ने प्रयास गरेको तथा राष्ट्रपति र संसद्को गरिमा कमजोर पार्ने काम भइरहेको आरोप पनि लगाए ।

५,२६५ जनाले बुझाएनन् सम्पत्ति विवरण

काठमाडौं/आर्थिक वर्ष २०८१/०८२ मा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका राष्ट्रसेवक कर्मचारी तथा सार्वजनिक पदाधिकारीमध्ये ५ हजार २ सय ६५ जनाले तोकिएको समयभित्र विवरण नबुझाएको पाइएको छ । सम्पत्ति विवरण नबुझाउने ती कर्मचारी तथा पदाधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को व्यवस्थालाई बेवास्ता गरेको देखिएको छ ।

राष्ट्रिय सतर्कता केन्द्रले तयार पारेको सम्पत्ति विवरण अनुगमन प्रतिवेदनअनुसार देशभरका ७ लाख ७२ हजारभन्दा बढी राष्ट्रसेवक कर्मचारी तथा सार्वजनिक पदाधिकारीमध्ये ९९.३२ प्रतिशत्ले मात्र सम्पत्ति विवरण बुझाएका छन् ।

केन्द्र सचिव सुरजकुमार वैद्यले बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसमक्ष उक्त प्रतिवेदन पेस गरेका हुन् । २ सय ९८ पृष्ठ लामो प्रतिवेदनअनुसार संघीय तहका ५ हजार २ सय ७० जना, प्रदेश तहका ४ सय ५८ जना र स्थानीय तहका ३ सय ७७ जना गरी कुल ५ हजार २ सय ६५ जनाले सम्पत्ति विवरण नबुझाएको अख्तियारले जानकारी गराएको छ ।

प्रतिवेदन बुझ्दै प्रमुख आयुक्त राईले सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पदाधिकारीका सम्बन्धमा कार्यालय प्रमुखलाई समेत जिम्मेवार बनाउनुपर्ने बताएका छन् । उनले यस्तो विषयलाई कार्यसम्पादन मूल्यांकनसँग समेत आबद्ध गर्नु आवश्यक रहेकोमा जोड दिए ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० अनुसार सार्वजनिक पदधारण गरेको व्यक्तिले पदभारग्रहण गरेको ६० दिनभित्र र त्यसपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो तथा परिवारको सम्पत्तिको स्रोतसहित अद्यावधिक विवरण पेस गर्नुपर्ने कानुनी व्यवस्था छ ।

कानुनअनुसार सम्पत्ति विवरण नबुझाउने सरकारी कर्मचारी तथा नियुक्ति लिएका पदाधिकारीमाथि अख्तियारले आवश्यक छानबिन तथा कारबाही प्रक्रिया अघि बढाउन सक्ने प्रावधान छ ।

विगतका वर्षहरुको तुलनामा सम्पत्ति विवरण नबुझाउनेको संख्या घट्दै गए पनि तोकिएको समयसीमा उलंघन गर्नेहरुलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न आयोगले आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ ।

हकदावीसम्बन्धि ३५ दिने सार्वजनिक सूचना

निवेदक: सानुमाया थापा मगर (पत्नी) — *जग्गावाला : जितसिं थापा (पति)*

जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ को जित सिं थापाको नाममा नापी नक्सा भएको जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. १ को तपशिल बमोजिमका जग्गाको साविक भोग लगत हटिया आंकडा मौजाको रेती नं. ६७ को रैती फिल्डबुकवालाको बुबा हर्क बहादुर थापा मगरको नाममा कायम भई उल्लेखित तपशिलका जग्गा दर्ता गर्न छुट भएकोमा निज लगतवाला हर्क बहादुर थापा मगरेको मिति २०२५/१०/१२ मा मृत्यु भईसकेको र फिल्डबुकवाला जित सि थापाको मिति २०७८/०५/१६ मा मुत्यु भएकोमा निजको हकखाने एक मात्र पत्नी सानुमाया थापा मगर र छोराहरु डिलबहादुर थापा मगर र कुमार बहादुर थापा मगर भएको साथै दुई छोरीहरु भएकोमा विवाहदान भई गईसकेकोमा उल्लेखित जग्गा फिल्डबुकवालाको मुत्यु पुर्व निजले नै र निजको मृत्युपश्चात निजका उल्लेखित हकदारहरु पत्नी तथा छोराहरुले नै साविकदेखि हालसम्म निरन्तररुपमा हकभोग तथा भोग चलन गरी आएकोले छोराहरु डिलबहादुर थापा मगर र कुमार बहादुर थापा मगरको मञ्जुरीले निवेदक पत्नी सानुमाया थापा मगरको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउ भनि हेटौंडा उपमहानरपालिका १६ नम्बर वडा कार्यालयको च.नं. १०४६ मिति २०८२/०७/२४ को हकदार खुलेको छुट जग्गा दर्ता तथा नामसारी सम्बन्धि सिफारिस पत्र च.नं. १०२५ मिति २०८२/०७/२३ को हकभोग सम्बन्धि सिफारिसपत्र वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित, प्रमाणपत्र, मृत्यु प्रमाणित पत्र, का.वा. पत्र, मृत्यु दर्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रहरु, साविक लगत, फिल्डबुक उतार तथा नक्सासमेत सलग्न राखी द.नं./मि.नं. १९३ मिति २०८२/०७/२५ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावीबमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता नामसारी गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदकबाहेक अन्य कोही हकदारहरु भए वा निवेदकबाहेक अरु कसैको हकभोग भएको भए वा सांध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्वलगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले ३५ (पैंतीस) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

तपशिल :

सि नं.	फिल्डबुकको व्यहोरा :						साविक लगतको विवरण
	जग्गावाला	साविक गाविस/न.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल ज.बि.	कैफियत/निवेदक	
१.	जित सिं थापा हटिया वडा न.८ बाबु: हर्क बहादुर बाजे: खड्क बहादुर	हटिया	१	६६८	०-५-९	सानुमाया थापा मगर	जि.म. हटिया पं. हटिया आंकडा मौजाको ६७ नं. रैती हर्क बहादुर थापा मगर

श्री मालपोत कार्यालय, मकवानपुर



आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा

आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

भारततर्फ चिया निर्यात पूर्ण ठप्प

सन्देश संवाददाता

बिर्तामोड/नेपालबाट भारततर्फ हुने चिया निर्यात पूर्णरुपमा ठप्प भएपछि चिया उद्योगी चिन्तित भएका छन्। नेपालबाट सबै प्रक्रिया पूरा गरेर भारतीय नाका पुगेका तयारी चिया बोकेका गाडीहरु भारतीय नाका पानीट्यांकीमा रोकिए पछि चिया उद्योगीहरु चिन्तित भएका हुन्।

भारतीय चिया बोर्डले प्रत्येक गाडीमा रहेको चियाको नमुना अनिवार्य प्रयोगशाला परीक्षण गर्नुपर्ने नयाँ प्रावधान स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युर गत मे १ देखि लागु गरे पनि तयारी चिया बोकेका गाडीहरु भारतीय नाका पानीट्यांकीमा गत बैशाख १४ देखि रोकिएको मेची उद्योग वाणिज्य संघ मेचीनगर कार्यकारी निर्देशक गोपाल बस्नेतले बताए।

यसअघि एउटा नमुना परीक्षणपछि तीन महिनासम्म वा २० वटा गाडीसम्म चिया निर्यात गर्न पाइने सुबिधा भए पनि अब नेपाल बाट भारत जाने हरेक चिया बोकेको गाडीको छुट्टाछुट्टै नमुना परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको उनले बताए। नयाँ नियम लागु भएसँगै काकडभिट्टा नाकाबाट भारततर्फ गएका चिया बोकेका गाडीहरु रोकिएका हुन्।

भारतले भारतीय सीमानजिक कुनै प्रयोगशाला स्थापना नगरेकाले नमुना परीक्षणका लागि कोलकाता पठाउने गरेको र त्यहाँबाट रिपोर्ट आउन कम्तिमा

दुई सातासम्म लाग्ने भएकाले यसले चिया निर्यात प्रक्रिया झन्झटिलो बनाएको उनको भनाइ छ। लामो समय गाडीमै चिया राख्नु पर्दा चियाको गुणस्तर बिग्रने, लागत बढ्ने र बजार प्रतिस्पर्धा कमजोर हुने नेपाल चिया उत्पादक संघ अध्यक्ष आदित्य पराजुलीले बताए।

नेपालले सीमानजिक प्रयोगशाला स्थापना गर्न दशकौंदेखि आग्रह गर्दै आए पनि भारतीय पक्षले नसुनेको बताउँदै उनले भारतको नयाँ नियमले प्रशोधन भएर तयारी अवस्थामा भारतीय बजार पुग्ने चिया निर्यात अवरुद्ध हुँदा यसले लागत र झन्झट दुवै बढाइदिएको बताए। भारतीय बजारमा नेपाली चियाले बलियो उपस्थिति बनाएकै कारण विभिन्न बहानामा अवरोध सिर्जना हुने गरेको बताउँदै अध्यक्ष पराजुलीले दार्जिलिङ र इलामको चिया समान भुगोल र गुणस्तरका भएकाले भारत सरकारले नेपाली चियामाथि फरक व्यवहार नगर्ने वातावरण बनाउन सरकारले पहल गर्नुपर्ने उनले माग गरे।

भारतको संसदीय समितिको सिफारिसका आधारमा अन्य मुलुकबाट आयात हुने चियाको निगरानी र नियन्त्रण गर्ने नीतिअनुसार भारतले अबदेखि नेपालबाट जाने हरेक चियाको पटकै पिच्छे पूर्ण ल्याब परीक्षण अनिवार्य गरेकाले यसले नेपाली चिया उद्योगी/व्यवसायीलाई ठूलो आर्थिक भार र मानसिक तनाव दिएको उनले बताए। भारतीय नयाँ नियमले नेपाली चिया समयमै बजारमा पुग्न नसक्ने र निर्यात प्रभावित हुने बताउँदै उनले भारतीय पक्षले थपेका यस्ता सर्त र प्रतिबन्धहरुले नेपालको चिया निर्यातमा प्रत्यक्ष नकारात्मक प्रभाव पारेको जनाए।

चियामा गुणस्तर परीक्षणको बहानामा कडाइ गरेपछि नेपाली चिया व्यवसाय संकटमा पर्न थालेको नेपाल चिया उत्पादक संघ पूर्वअध्यक्ष सुरेश कुमार अग्रवाल बताउँछन्। भारतले प्रत्येक ट्रकको छुट्टाछुट्टै ल्याब परीक्षण अनिवार्य गरेपछि नेपाली चिया उत्पादक-व्यवसायीहरु ठूलो समस्यामा परेको बताउँदै उनले नेपाली चियाले पाउँदै आएको प्राथमिकता वा सहुलियतपूर्ण व्यवहारको सट्टा थप सर्त र कडाइ गरिएकाले निर्यात प्रक्रिया प्रभावित भएको जनाए।

निर्यातका लागि लगिएका प्रत्येक ट्रकबाट नमुना संकलन गरी परीक्षणका लागि कोलकाता वा सिलगुडीस्थित आधिकारिक ल्याबमा पठाउनुपर्ने र उक्त परीक्षणको रिपोर्ट आउन १५ दिनसम्म लाग्ने भए पनि रिपोर्ट नआउञ्जेलसम्म चिया बिक्री गर्न नपाइने भएकाले यसले चिया उद्योगी/व्यवसायीहरुलाई आर्थिक भारसमेत थपेको उनको भनाइ छ। यसरी परीक्षण गर्दा यसको नतिजा फेल भए सामान फिर्ता गर्नुपर्ने वा खेर जाने जोखिमसमेत उत्तिकै भएको बताउँदै अग्रवालले एउटा नमुना परीक्षणका लागि करिब ११ हजार ७ सय ५० रुपियाँ शुल्क बुझाउनुपर्ने बताए। चिया भएको ट्रक सडकमा रोकेर राख्दा वर्षाले चिया भिज्ने र चोरी हुने उच्च जोखिम रहेको बताउँदै उनले भारतको यस्तो नियमले चिया निर्यात प्रक्रियालाई खर्चिलो, झन्झटिलो र समय लाग्ने बनाएको जिकिर गरे।

भारतले गुणस्तर नभएको चियाको वितरण रोक्न यस प्रावधान ल्याएको दाबी गरे पनि यसले नेपाली चिया व्यवसायीलाई ठूलो आर्थिक भार र तनाव दिएको चिया उद्योगी उदय चापागाईले बताए। भारतको नयाँ नियमले नेपाली चियाको मुख्य अन्तर्राष्ट्रिय बजार नै गुम्ने खतरा बढेको उनी बताउँछन्। भारतको नयाँ प्रावधानले भारतीय बजारमा पुग्दै गरेका नेपाली चियाको प्रतिस्पर्धात्मक क्षमता घटाइदिएको नेपाल चिया उत्पादक संघ अध्यक्ष पराजुलीले बताए।

भारतको पानीट्यांकीमा लगेर दुई सातासम्म गाडीमा चिया राख्दा उत्पादन बिग्रने र लागत बढ्ने समस्या र जोखिम बढी हुने भएकाले आफूहरुले चियाको गाडी पठाउन रोकेको उनले बताए। नेपाली चियालाई पहिलेकैं प्रक्रियाअनुसार भारत निर्यात गर्नुपर्ने मेची उद्योग वाणिज्य संघ अध्यक्ष खेमराज प्रसाईंले बताए। नेपालमा उत्पादन हुने सीटीसी चियाको ५० प्रतिशत् बढी हिस्सा र अर्थोडक्स चियाको ९० प्रतिशत् हिस्सा भारत निर्यात हुने भएकाले सरकारले तत्काल कुटनीतिक समन्वय गरेर चिया समस्या समाधान गर्नुपर्ने उनको भनाइ छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कृषि विकास अधिकृत इन्द्र अधिकारीले अप्रिलबाट भारतले नयाँ प्रावधान लागु हुने जनाए पनि नेपाली पक्षको आग्रहपछि एक महिना पुरानै अभ्यासअनुसार जान दिएको तर अब पूर्ण कार्यान्वयन गरी चिया निर्यात रोकिएको बताए। हरेक वर्ष सरदर साढे चार अर्ब बढी विदेशी मुद्रा भित्र्याउने चियाको अन्तर्राष्ट्रिय बजार सुरक्षित गर्न सरकारले बलियो कुटनीतिक पहल गर्नुपर्ने उनको भनाइ छ।

चालु आर्थिक वर्षको चैतसम्ममा कुल निर्यातमा उत्कृष्ट १० वस्तुमध्ये चिया एक हो। यस अवधिसम्ममा नेपाललबाट कुल ४२ अर्ब ५९ करोड ९१ लाख बराबरको चिया निर्यात भएकोमा भारतमा मात्र एक अर्ब दुई करोड ६३ लाख बराबरको चिया निर्यात भएको भन्सार विभागले जनाएको छ।

लघुवित्तको नाफा ५ अर्ब ३७ करोड ४७ लाख

सन्देश संवाददाता

काठमाडौं/चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म लघुवित्तहरुको खुद नाफामा उल्लेख्य सुधार देखिएको छ। सूचीकृत ५० मध्ये ३२ वटा लघुवित्त संस्थाले सामूहिकरुपमा ५ अर्ब ३७ करोड ४७ लाख खुद नाफा कमाएका हुन्। गत आवको सोही अवधिमा यी संस्थाहरुले ४ अर्ब १० करोड ३८ लाख नाफा कमाएका थिए। यस आधारमा समग्र लघुवित्त क्षेत्रको नाफा ३०.९७ प्रतिशत् बढेको देखिएको हो।

चालु आवको तेस्रो त्रैमासमा बैंकहरुसँगै लघुवित्तको नाफा बढेको हो। यस अवधिमा सबभन्दा बढी नाफा छिमेक लघुवित्तले कमाएको छ। संस्थाले ९० करोड ६४ लाख खुद नाफाआर्जन गरेको छ। जुन गत आवको सोही अवधिको ८५ करोड ३५ लाखको तुलनामा ६.२० प्रतिशत् बढी हो। दोस्रो स्थानमा रहेको डिप्रोक्स लघुवित्तले ६८ करोड १ लाख नाफा कमाएको छ। गत वर्ष ४३ करोड २१ लाख रहेको यसको नाफा यस वर्ष ५७.३९ प्रतिशत् बढेको देखिन्छ। जीवन विकास लघुवित्तले ६२ करोड ६९ लाख नाफा कमाएको छ भने आवको ३५ करोड ५६ लाख रहेको यसको नाफा ७६.२६ प्रतिशत् बढेको हो।

साना किसान विकास लघुवित्तको नाफा भने घटेको छ। संस्थाले ४८ करोड ३२ लाख खुद नाफा कमाएको छ। जुन गत वर्षको ५४ करोड ५० लाखको तुलनामा ११.३३ प्रतिशत् कम हो। ग्रामीण विकास लघुवित्तले ३० करोड १५ लाख नाफा कमाएको छ भने ग्लोबल आईएमई लघुवित्तले २१ करोड ९५ लाख र स्वरोजगार लघुवित्तले २१ करोड २ लाख नाफाआर्जन गरेका छन्। यी संस्थाहरुको नाफा क्रमश: २२.१९ प्रतिशत्, ४६.०७ प्रतिशत् र ३१.२० प्रतिशत् बढेको देखिन्छ।

सूर्योदय बोमी लघुवित्तले १८ करोड ९३ लाख नाफा कमाएको छ। गत वर्षको तुलनामा यसको नाफा १४०.६५ प्रतिशत् बढेको हो। आशा लघुवित्तले १७ करोड ६२ लाख नाफा कमाएको छ भने यसको नाफा १६८.७६ प्रतिशत् बढेको देखिन्छ। निर्धन उत्थान लघुवित्तको नाफा भने तीव्ररुपमा घटेको छ। संस्थाले १५ करोड ५० लाख नाफा कमाएको छ। जबकि, गत आवको सोही अवधिमा ४८ करोड ५ लाख नाफा कमाएको थियो। यसअनुसार संस्थाको नाफा ६७.७४ प्रतिशत् घटेको हो।

मेरो माइक्रोफाइनान्स लघुवित्तले १४ करोड ८५ लाख नाफा कमाएको छ भने महुली लघुवित्तले १२ करोड २८ लाख नाफाआर्जन गरेको छ। महुलीको नाफा गत वर्षको तुलनामा एक हजार २ सय ७० प्रतिशत्भन्दा बढीले बढेको देखिन्छ। फर्स्ट माइक्रोफाइनान्सले ११ करोड ३७ लाख नाफा कमाएको छ भने एनआईसी एसिया लघुवित्तले १० करोड ६९ लाख नाफाआर्जन गरेको छ। एनआईसी एसिया लघुवित्तको नाफा ८१३६ प्रतिशत्भन्दा बढीले बढेको देखिन्छ।

अभियान लघुवित्तले ९ करोड ८५ लाख, एनएमबी लघुवित्तले ८ करोड ७० लाख तथा समता घरेलु लघुवित्तले ८ करोड २३ लाख खुद नाफा कमाएका छन्। हिमालयन लघुवित्तले ८ करोड १० लाख नाफा कमाएको छ भने इन्फिनिटी लघुवित्तले ७ करोड ५७ लाख नाफा आर्जन गरेको छ। आरएसडीसी लघुवित्तले ६ करोड ५६ लाख नाफा कमाएको छ जुन गत वर्षको तुलनामा ६.०८ प्रतिशत् कम हो। गणपति लघुवित्तले ६ करोड १० लाख नाफा कमाएको छ।

सामुदायिक लघुवित्तले ५ करोड ८८ लाख नाफा आर्जन गरेको छ। गत वर्ष घाटामा रहेको सामुदायिक लघुवित्त यस वर्ष नाफामा फर्किएको हो। सीवाईसी नेपाल लघु वित्तले ५ करोड ३४ लाख र आत्मनिर्भर लघुवित्तले ४ करोड ८४ लाख र सपोर्ट लघुवित्तले ४ करोड ६७ लाख नाफा कमाएका छन्।

उन्नति सहकार्य लघुवित्तले ४ करोड ४३ लाख, गुराँस लघुवित्तले ४ करोड ३ लाख तथा उपकार लघुवित्तले ३ करोड ६ लाख नाफा आर्जन गरेका छन्। धौलागिरि लघुवित्तले १ करोड ८२ लाख नाफा कमाएको छ भने कालिका लघुवित्तको नाफा घटेर १ करोड ४७ लाखमा सीमित भएको छ। युनिक नेपाल लघुवित्तले १ करोड ३५ लाख नाफा कमाएको छ भने मानुषी लघुवित्तले १ करोड ३१ लाख खुद नाफा आर्जन गरेको छ। मानुषी लघुवित्तको नाफा गत वर्षको तुलनामा ४१.१९ प्रतिशत् बढेको देखिएको छ।

बढे विमानस्थल केन्द्रित होटल

सन्देश संवाददाता

भैरहवा/होटल तथा पर्यटन पूर्वाधारमा बढ्दो लगानीसँगै रुपन्देही पर्यटकीय केन्द्रका रुपमा विकास हुँदै गएको छ। लुम्बिनी भ्रमणमा आउने विदेशी तथा स्वदेशी पर्यटकको प्रमुख बसाइस्थलका रुपमा रुपन्देही स्थापित बन्दै जाँदा स्तरीय होटल थपिने क्रम निरन्तर बढेको हो।

भैरहवा-लुम्बिनी करिडोर तथा जिल्लाका मुख्य सहर क्षेत्रमा पाँचतारे, चारतारे र तीनतारे होटल सञ्चालनमा आएका छन् भने नयाँ होटल निर्माणसमेत जारी छ। लुम्बिनी आउने पर्यटकका साथै काठमाडौं, पोखरा, चितवन र बर्दिया जाने पर्यटक पनि भैरहवा हुँदै आवतजावत गर्दा जिल्लामा बसोबास गर्ने क्रम बढेको व्यवसायी बताउँछन्।

सिद्धार्थ होटल अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले रुपन्देहीमा पाँचतारे होटलको संख्या उल्लेख्य रहेको बताए। उनले जिल्लामा सञ्चालनमा रहेका ठूला होटलसँगै थप नयाँ परियोजना निर्माणाधीन अवस्थामा रहेको जानकारी दिए। हाल जिल्लामा हायात प्यालेस, टाइगर प्यालेस बाइ सोल्टी, भिलासा र लुम्बिनी हेरिटेज सञ्चालनमा छन्। भैरहवा-लुम्बिनी सडकखण्डमा नयाँ

पाँचतारे होटल निर्माण भइरहेको छ भने भैरहवाको बुद्धचोकमा अर्को पाँचतारे होटल अन्तिम चरणमा पुगेको बताइएको छ। होटल तथा रेस्टुरेन्ट व्यवसायी संघ रुपन्देही अध्यक्ष राजेश महोत्राले भारतीय पर्यटकलाई लक्षित गरेर होटल क्षेत्रमा ठूलो लगानी भइरहेको बताए। उनले सीमावर्ती भारतबाट आउने पर्यटक उच्च रहेकाले रुपन्देहीलाई विश्राम तथा गन्तव्य- स्थलका रुपमा विकास गर्नुपर्नेमा जोड दिए।

पर्यटन व्यवसायी किशोर जोशीले जिल्लामा पर्यटकको बसाइ अवधि बढाउन थप आकर्षक गतिविधि, सांस्कृतिक कार्यक्रम र पर्यटन प्याकेज आवश्यक रहेको बताए।

उनका अनुसार लुम्बिनी भ्रमणपछि धेरै पर्यटक सोही दिन फर्किने भएकाले बसाइ लम्ब्याउन सकिए आर्थिक गतिविधि अझै बढ्नेछ। होटल तथा रेस्टुरेन्ट व्यवसायी संगठन पूर्वअध्यक्ष अनिल ज्ञवालीले अन्तर्राष्ट्रिय होटल व्यवस्थापन समूह रुपन्देहीमा प्रवेश गर्न थालेपछि जिल्लाको पर्यटन छवि थप बलियो बनेको बताए।

आर्थिक रुपान्तरणका लागि परिसंघद्वारा खाका

सन्देश संवाददाता

विराटनगर/कोशी प्रदेशको दीर्घकालीन आर्थिक रुपान्तरणका लागि नेपाल उद्योग परिसंघ कोशी प्रदेशले ५० बुँदे सुझावसहित प्रदेश सरकारसमक्ष विकासको खाका पेस गरेको छ। कोशी प्रदेशले ऊर्जा, उद्योग, पूर्वाधार, कृषि, पर्यटन, रोजगारी र डिजिटल अर्थतन्त्रलाई केन्द्रमा राख्दै प्रदेशको दोस्रो आवधिक योजनामा निजी क्षेत्रलाई विकासको मुख्य साझेदार बनाउने सुझाव पेस गरेको हो।

परिसंघका कोशी प्रदेश अध्यक्ष पवनकुमार सारडाको नेतृत्वमा गएको टोलीले प्रदेश योजना आयोग उपाध्यक्ष तारा निरौलालाई सुझावपत्र बुझाउँदै आगामी पाँच वर्षलाई लगानी, उत्पादन र रोजगारी विस्तारको निर्णायक अवधिका रुपमा उपयोग गर्नुपर्नेमा जोड दिएको छ। सुझावपत्रमा ऊर्जा क्षेत्रलाई प्रदेश समृद्धिको आधारस्तम्भका रुपमा चित्रण गर्दै ५० मेगावाट्सम्मका जलविद्युत् आयोजनाको स्वीकृति प्रक्रिया प्रदेश सरकारबाट सहज र झन्झटरहित बनाउन माग गरिएको छ।

ग्रामीण विद्युतीकरणलाई तीव्रता दिन २५ मेगावाट्सम्मका सौर्य आयोजनाको अनुमति प्रदेशस्तरबाट प्रदान गर्नुपर्ने प्रस्ताव गरिएको छ। परिसंघले उद्योगी/व्यवसायीले भोग्दै आएको विद्युत् आपूर्ति समस्या समाधानका लागि चुहावट नियन्त्रण, गुणस्तरीय प्रसारण प्रणाली विस्तार तथा उद्योगका लागि सस्तो र पर्याप्त विद्युत् उपलब्ध गराउने विशेष नीति ल्याउन सरकारलाई आग्रह गरेको छ।

औद्योगिक विकासतर्फ विराटनगर-इटहरी-धरान क्षेत्रलाई एकीकृत औद्योगिक कोरिडोरका रुपमा विकास गर्नुपर्ने सुझाव दिइएको छ। उत्तर-दक्षिण व्यापार विस्तारका लागि रानी-किमाथांका सडकलाई उच्च प्राथमिकतामा राख्दै व्यापारिक तथा पारवहन केन्द्रका रुपमा विकास गर्नुपर्ने उल्लेख गरिएको छ। विशेष आर्थिक क्षेत्र (सेज) निर्माण, औद्योगिक प्रदर्शनीस्थल स्थापना तथा सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमार्फत् ठूला पूर्वाधार आयोजना अघि बढाउनुपर्नेमा परिसंघले जोड दिएको छ। कृषि क्षेत्रलाई परम्परागत् उत्पादन प्रणालीबाट आधुनिक, निर्यातमुखी र प्रशोधन उद्योगसँग जोड्नु पर्ने सुझाव पनि प्रस्तुत गरिएको छ।

चिया, अलैंची, अदुवा र दुग्धजन्य उत्पादनलाई मूल्य अभिवृद्धि सहित उद्योगसँग आबद्ध गर्दै कोशी प्रदेशका उत्पादनलाई भारत र बंगलादेशसम्म ब्रान्डिङ गरेर निर्यात विस्तार गर्नुपर्ने धारणा परिसंघको छ। किसानका लागि शीतभण्डार, बजार पहुँच र न्यूनतम् मूल्य सुनिश्चित गर्ने संयन्त्र निर्माण गर्नुपर्ने उल्लेख गर्दै कृषिक्षेत्रलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउन नीतिगत् सुधार आवश्यक रहेको औंल्याइएको छ। पर्यटनतर्फ पाथीभरा, बराहक्षेत्र, कोशी टप्पु, हलेसी तथा सगरमाथा राष्ट्रिय निकुञ्जलाई धार्मिक, पर्यटकीय र पर्यावरणीय हबका रुपमा विकास गर्न सुझाव दिइएको छ। पर्यटन पूर्वाधार, सूचना केन्द्र, सडक पहुँच र घरवास (होमस्टे) कार्यक्रम विस्तारमार्फत् हजारौं रोजगारी सिर्जना गर्न सकिने परिसंघको दाबी छ।

युवालाई स्वरोजगार र उद्यमशीलतामा आकर्षित गर्न सिपमूलक तालिम, सूचनाप्रविधि तथा डिजिटल सेवामा आधारित रोजगारी विस्तार गर्नुपर्ने सुझावमा उल्लेख छ। वैदेशिक रोजगारीबाट फर्किएका युवाको सिप, अनुभव र पुँजीलाई स्वदेशमै उपयोग गर्ने वातावरण निर्माण गर्न तथा युवा उद्यमीलाई सहुलियतपूर्ण ऋण र डिजिटल प्लेटफर्म उपलब्ध गराउनुपर्नेमा जोड दिइएको छ।

नेपाल-भारत सीमावर्ती नाकालाई उपयोग गर्दै निर्यातमुखी उद्योग, गोदाम तथा व्यापारिक केन्द्र विकास गर्नुपर्ने सुझाव दिँदै परिसंघले डिजिटल शिक्षा, आउटसोर्सिङ सेवा र अनलाइन व्यवसायमार्फत् नयाँ आर्थिक क्षेत्र विस्तार गर्न प्रदेश सरकारलाई आग्रह गरेको छ। सुझावपत्र ग्रहण गर्दै प्रदेश योजना आयोग उपाध्यक्ष निरौलाले निजीक्षेत्रका सुझावलाई प्रदेशको दोस्रो आवधिक योजनामा समेट्न आयोग सकारात्मक रहेको बताए। कार्यक्रममा परिसंघका पदाधिकारी तथा योजना आयोगका सदस्यहरुको उपस्थिति थियो।

परिसंघ महानिर्देशक विजयहरि शर्माले प्रस्तुत सुझाव कार्यान्वयन भए कोशी प्रदेशले आगामी पाँच वर्षभित्र लगानी, औद्योगिक विस्तार र आर्थिक वृद्धिमा उल्लेखनीय फड्को मार्ने दाबी गरे। परिसंघले दिएको सुझाव कार्यान्वयन भए कोशी प्रदेशको आर्थिक विकासले गति लिने शर्माको भनाइ थियो।

ठगी आरोपमा ३ जना पक्राउ

काठमाडौं/वैदेशिक रोजगारीका लागि विदेश पठाउने भन्दै ४४ लाख ४८ हजार रूपैयां ठगी गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा झापा दमक नगरपालिका-२ का ३७ वर्षीय सागर गौतम, दाङ घोराही उपमहानगर पालिका-१० का ३२ वर्षीय शम्भु गौतम तथा ओखलढुंगा सिद्धिचरण नगरपालिका-४ का ३७ वर्षीय सनम गुरूङ रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए।

उनले भने, 'सागर गौतमले युएई पठाउने भन्दै चार लाख ५८ हजार रूपैयाँ, शम्भु गौतमले न्युजिल्यान्ड पठाउने भन्दै १५ लाख ९० हजार रूपैयाँ तथा सनम गुरूङले क्यानडा पठाउने भन्दै २४ लाख रूपैयाा रकम लिएको र विदेश नपठाई सम्पर्कविहीन भएको भन्ने पीडितहरूका उजुरीका आधारमा बिभिन्न स्थानहरुबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

"सिईओ पक्राउ गैरकानुनी"

काठमाडौं/नेपाल प्रहरीले बैंक तथा वित्तीय संस्थासम्बन्धि ऐन तथा सुरक्षित कारोबार ऐन अनुरूप धितो लिलाम गर्दा नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआईएमबी) का प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्योति प्रकाश पाण्डेलाई गैरकानुनीरूपमा पक्राउ गरेको खुलेको छ।

स्मार्ट टेलिकम प्रालिले लामो समयदेखि ऋण भुक्तानी नगरेपछि एनआईएमबीले धितो कम्पनीका टावर तथा उपकरण लिलामीमा बिक्री गरी ४ अर्ब ६० करोड ऋण असुली गरेको थियो। तर, टेलिकम कम्पनीको लाइसेन्स खारेजीपछि सम्पत्ति के हुने भन्ने कानुनी व्यवस्था, ऋण असुली सम्बन्धमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन र सुरक्षित कारोबार ऐनको व्यवस्था समेत हेर्दा स्मार्टको सम्पत्ति कब्जा गर्ने र ऋण असुली प्रयोजनका लागि धितो लिलाम गर्दा बैंकका सीईओलाई पक्राउ गर्ने प्रहरीको काम दुवै गैर-कानुनी देखिएको छ। यो विषयलाई बुझ्न सबैभन्दा पहिला लाइसेन्स खारेज भएपछि उसको सम्पत्ति के हुने भन्ने व्यवस्था बुझ्नुपर्छ।

बजेट कस्तो ल्याउँछन् ? छ कौतुहलता

सन्देश संवाददाता

काठमाडौं/फागुन २१ को संघीय संसद् निर्वाचनमार्फत् दुई तिहाइनजिकको सिट जितेर सत्तामा आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी जेठ १५ मा पहिलो पटक बजेट ल्याउँदैछ। निर्वाचनमा अपार जनसमर्थन पाएको रास्वपाले वरिष्ठ अर्थशास्त्री डा.स्वर्णीम वाग्लेलाई अर्थमन्त्री बनाएपछि उनले बजेट कस्तो ल्याउँछन् भन्ने कौतुहलता सबैमा छ। हाल अर्थ मन्त्रालय बजेटलेखनमा व्यस्त भएको बेला आगामी बजेट कस्तो ल्याउनुपर्छ भनेर केही अर्थशास्त्री हरुसँग जिज्ञासा राखिएको छ। यस्तो छ उनीहरुको धारणा।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा.शिवराज अधिकारी बजेटले अर्थतन्त्रको सामान्य विस्तारमा मात्र सीमित नभइ संरचनात्मक परिवर्तनलाई प्राथमिकता दिनुपर्ने बताउँछन्। लामो समयदेखि नेपालको आर्थिक वृद्धि औसत ५ प्रतिशत्भन्दा माथि जान नसक्नुको मुख्य कारण नै अर्थतन्त्रमा रहेका गहिरो संरचनात्मक समस्या रहेको उनको भनाइ छ। उनका अनुसार हालको आर्थिक वृद्धि रोजगारीविहीन प्रकृतिको छ। कृषिक्षेत्रमा लाखौं रोजगारी सिर्जना गर्ने नारा न्यून उत्पादकत्वका कारण सम्भव नदेखिएको उनको भनाइ छ।

'हाम्रो अर्थतन्त्र उत्पादनमा आधारित छैन। हामी आयात र उपभोगमा मात्र केन्द्रित छौं,' उनले भने। रेमिटेन्सबाट प्राप्त स्रोतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु नै ठूलो संरचनात्मक कमजोरी रहेको उनको टिप्पणी छ। हाल नेपाल ऋणको चंगुलमा फसिसकेको र ऋण तिर्नकै लागि थप ऋण लिनुपर्ने बाध्यात्मक अवस्था रहेको अधिकारीले बताए। आन्तरिक ऋणको सीमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ५.५ प्रतिशत्भन्दा बढी हुन नहुने व्यवस्था भए पनि ऋण सेवा व्यवस्थापनकै लागि ऋण लिनुपर्ने अवस्थाले अर्थतन्त्रको नटबोल्टमै समस्या रहेको उनको भनाइ छ।

अधिकारीले आगामी बजेटमार्फत् सरकारले अर्थतन्त्रको जगमै रहेका समस्या अर्थात् नटबोल्ट चलाउनुपर्ने सुझाव दिए। उनका अनुसार हाम्रा प्रणालीहरु एकापसमा यसरी जेलिएका छन् कि तिनलाई नसुधारी छलाङ मार्न सम्भव छैन। त्यसैले आगामी बजेटले केवल ठूला अंक र नाराभन्दा पनि उत्पादन वृद्धि, उत्पादनशील क्षेत्रमा लगानी र दीगो आर्थिक वृद्धिको आधार तयार गर्ने गरी संरचनात्मक सुधारका कार्यक्रमहरु ल्याउनुपर्ने उनले बताए। सरकारले ऋण लिने वर्तमान परिपाटीमा आमूल परिवर्तनको आवश्यकता उनले औंल्याए। 'ऋण लिनु नराम्रो होइन। तर, त्यसलाई उत्पादक क्षेत्रमा लगाउन सकिएन भने थोरै ऋण पनि बढी हुन्छ,' उनले भने। परियोजनामा आधारित ऋण र वित्तीय अनुशासन हुनुपर्ने उनको भनाइ छ।

उनले कार्यान्वयन क्षमता र संरचनात्मक सुधारका लागि बजेट वक्तव्यमा ठूला लक्ष्य राख्ने तर खर्च गर्न नसक्ने प्रवृत्ति अन्त्यका लागि आयोजनाको डिजाइनिङमै परिवर्तन गर्नुपर्ने बताए। पूर्वाधार विकासका लागि सक्षम जनशक्ति र सीईओ नियुक्त गरी ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने उनको सुझाव छ। अर्थविद् डा. डिल्लीराज खनालले विद्यमान बजेट प्रणालीमा आमूल परिवर्तनको खाँचो रहेको बताए। हालको परम्परागत् शैली र प्रणाली बाट आर्थिक सुधार सम्भव नरहेको उनको भनाइ छ। खनालका अनुसार बजेटको मुख्य समस्या यसको प्रणालीगत् त्रुटिमा छ। उनले विकास र सुशासनलाई एकसाथ जोडेर बजेटको सिंगो संरचनामै परिवर्तन गर्नुपर्ने सुझाव दिए।

अर्थविद् खनालले परियोजना छनौट प्रक्रियालाई पारदर्शी र वैज्ञानिक बनाउनुपर्ने बताए। प्रोजेक्ट बैंकको सूक्ष्म अध्ययनबाट मात्र आयोजनाहरु बजेटमा समावेश हुनुपर्ने र बजेटबाहिरबाट योजना हाल्ने प्रवृत्ति पूर्णत: रोकिनुपर्ने उनको भनाइ छ। विशेषगरि पुँजीगत् बजेटभित्र रहेका ५० देखि ६० प्रतिशत्सम्मका अनुत्पादक र स्रोत खेर फाल्ने आयोजनाहरुलाई खारेज गर्नुपर्ने उनको सुझाव छ।

खनालका अनुसार २०७५ सालकै प्रतिवेदनले खारेज गर्न सुझाव दिएका विभिन्न समिति र बोर्डहरुलाई अझै कायम राखेर राज्यले अर्बौं रुपियाँ खेर फालिरहेको छ। यस्ता संरचना खारेज गर्दामात्र करिब १ खर्ब ११ अर्ब जोगिने र त्यसलाई शिक्षा, स्वास्थ्य र उत्पादनशील क्षेत्रमा खर्च गर्न सकिने उनको भनाइ छ।

खनालले आगामी बजेटमा १९ खर्बको सिलिङभित्र रहेर पनि करिब ५ खर्ब पुँजीगत् बजेटमा छुट्याउन सुझाव दिए। अघिल्लो वर्षको खर्चमा १० प्रतिशत् थपेर बजेट बनाउने परम्परागत् शैलीलाई पूर्णत: त्याग्नुपर्ने उनको भनाइ छ। खनालले अभिलेख बाहिर रहेको व्यापार/व्यवसायलाई औपचारिक दायरामा ल्याउन सके राजस्वमा ठूलो सुधार आउने बताए। उनका अनुसार कर प्रणालीलाई व्यवसायीमैत्री र पारदर्शी बनाउनुपर्छ। भन्सार दरबन्दीमा पनि कच्चा पदार्थ, पुँजीगत् वस्तु र उपभोग्य वस्तुबीच स्पष्ट भिन्नता राख्नुपर्छ।

बजेटले केवल प्राथमिकता तोकेरमात्र हुँदैन, त्यसको कार्यान्वयनको ठोस एक्सन प्लान बजेटकै अंगका रुपमा संगसंगै आउनुपर्ने अर्थविद् खनालले राखेका छन् भनाइ छ। खनालका अनुसार कृषि, ऊर्जा, पर्यटन र उदाउँदो सूचनाप्रविधि क्षेत्रलाई उत्पादन र उत्पादकत्वसँग जोडेर गुणात्मक विकास हासिल गर्ने गरी बजेट ल्याउनुपर्छ।

सडक पेटी पैदल यात्रुहरुको लागि भएकोले सडक पेटीमा व्यापारिक सामानहरु तथा सवारी साधनहरु पार्किङ नगरौ

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने